अध्याय ८

# नेपाल पत्रकार महासंघ, मिडिया आन्दोलन र अन्तर्राष्ट्रिय मिडिया सहयोग

**हर्षमान महर्जन**

## विषय प्रवेश

नागरिक समाजको अर्थ-राजनीतिक संरचनामा आउने परिवर्तन यो आलेखको विषय हो। त्यस्तो परिवर्तनको विशिष्ट कारक अन्तर्राष्ट्रिय दाताले दिने सहयोगमा देखिन्छ। अर्थ-राजनीतिक संरचना भन्नाले यहाँ नागरिक समाजले पाउने वित्तीय र प्राविधिक सहयोगको सन्दर्भलाई लिइएको छ। अरू मुलुकमा जस्तै नेपालमा पनि सरकारी नीति नियमले राज्य र गैरराज्य पक्षबाट नागरिक समाजले कस्तो र कसरी आर्थिक तथा प्राविधिक सहयोग पाउन सक्छ, भन्ने विषयको निर्धारण गर्छ।

नेपालको सन्दर्भ विशिष्ट छ, किनभने नेपालका गैरसरकारी संस्थाले देशभित्रै सरकारी, गैरसरकारी र सामाजिक स्रोतबाट सहयोग पाउन गाह्रो छ। यस्ता सहयोग उपर दलगत र पहिचानगत सर्त हाबी भएको स्पष्ट देखिन्छ। यो परिस्थितिमा नेपाली नागरिक समाज कार्यक्रम चलाउन मात्र नभई आफ्नो आधारभूत अस्तित्व जोगाउन पनि अन्तर्राष्ट्रिय दाताको सहयोगमा भर परेका छन्। अन्तर्राष्ट्रिय दाताको भूमिका अर्थ र प्राविधिक मात्र नभई, संस्थागत संरचना-प्रक्रिया र कार्यक्रम निर्देशनसम्म हुनसक्छ। सहयोगमा सिद्धान्ततः दिने र लिने दुवैबीच बराबरीको सहमति हुने भनिए पनि शक्ति सन्तुलन नहुने र बदलिँदो स्थानीय अर्थ-राजनीतिक परिदृश्यले सहमतिको रूप जटिल हुन्छ। लक्षित समुदाय को हुने र कुन संस्थालाई सहयोग गर्ने भन्ने अन्तिम निर्णय प्रायः अन्तर्राष्ट्रिय दाताले लिन्छन्। यस्तो निर्णयमा अन्तर्राष्ट्रिय दाताको तथा स्थानीय कार्यालयका कर्मचारीको व्यक्तिगत

रुचि, प्राथमिकता र सम्बन्धले बलियो प्रभाव पार्छ । सहयोगको अपेक्षा गर्ने नागरिक समाजका धेरै सदस्य संस्था यस्तै प्राथमिक दृष्टिमा अयोग्य ठानिन सक्छन् । परिणामत: त्यस्ता सदस्य संस्थाले सहयोग पाउँदैनन् र तिनको कार्यक्रम सञ्चालन गर्ने क्षमता कमजोर बन्छ । जति संस्था सदस्यले सहयोग पाउँछन्, तिनका कार्यक्रम पनि अन्तर्राष्ट्रिय दाताले एकमुस्ट रूपमा तय गर्छन् भन्ने होइन ।

सहयोगको सहमति बन्दै गर्दा राज्यको स्वरूप र नीति कार्यक्रम कस्तो छ, नागरिकको एक-अर्कासँग समूहबद्ध हुने अभ्यास कति बलियो छ, राज्य र नागरिक बीचका सामाजिक संस्था (गैसस) को ऐतिहासिक स्वरूप त्यो समाजमा कस्तो रह्यो र नागरिक समाज/गैरसरकारी संस्थाका अगुवा कस्ता आकांक्षाले प्रेरित भएका हुन् जस्ता तात्कालिक अर्थ-राजनीतिक र समाज-ऐतिहासिक प्रश्नले नागरिक समाजका सदस्य संस्था (मुख्यत: गैसस) का कार्यक्रम र भूमिकाले तय गर्छ । यही कारणले विभिन्न राजनीतिक र सामाजिक आन्दोलनताका गैसस र दाताको भूमिका निख्रिएर देखापर्छ । देशभित्र आन्दोलनताका राज्य र समाजका विभिन्न घटकबीच शक्ति-सन्तुलन बदल्न थाल्छ । त्यसै अनुरूप महाशक्ति र छिमेकी शक्ति राष्ट्रका भू-राजनीतिक र भू-रणनीतिक प्राथमिकता पनि बदलिन्छन् । तिनको स्थानीय सहयोगको प्राथमिकता, लक्षित समुदाय र नीति तथा कार्यक्रममा परिवर्तन आउँछ । कतिपय अवस्थामा भने तिनले "वैधानिक" सरकारलाई समर्थन गर्छन् । यथास्थिति कायम राख्न सरकारी सेना र कर्मचारीतन्त्रलाई बलियो बनाउन सक्रिय हुन्छन् । कतिपय अवस्थामा भने तिनले "अप्रजातान्त्रिक" सरकारलाई सच्चिन दबाब दिन्छन् । आन्दोलन अझ जुझारु बनाउन सहजकर्ता र सहयोगीको भूमिका खेल्छन् । बदलिँदो प्राथमिकता र नीतिबीच दाताराष्ट्रबाट सहयोग पाउने संस्थाको आफ्नो वित्तीय, पेसागत र व्यावसायिक आवश्यकताले नागरिक समाजको कार्यक्रममा तात्त्विक परिवर्तन ल्याउने प्रस्थापना मैले यस लेखमा गरेको छु ।

राजनीतिक-सामाजिक आन्दोलनबीच नागरिक समाज र अन्तर्राष्ट्रिय दाताको सम्बन्ध खुट्याउन मैले यस लेखमा नेपाल पत्रकार महासंघको "केस" प्रस्तुत गरेको छु । वि.सं. २०६२–२०६३ को जनआन्दोलनताका नेपाल पत्रकार महासंघ पेसागत हकहितका लागि गठित अरू संघ-संस्थाजस्तै नेपाली नागरिक समाजको सक्रिय घटक थियो । महासंघ, नेपाली पत्रकारहरू गोलबन्द भएको एक छाता संगठन हो । यसको औपचारिक शुरूआत चैत १३, २०१२ मा कृष्णप्रसाद भट्टराईको सभापतित्वमा गठन गरिएको नेपाल पत्रकार संघबाट भएको मानिन्छ ।[१] त्यो संघबाट २०४३ सालमा छुट्टिएको पञ्चायती व्यवस्थासँग

[१] यसको इतिहासलाई वि.सं. २०१२ मा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठन भएको नेपाल पत्रकार संघसँग जोड्ने गरिएको छ (दाहाल २०६०) । तर कसैले भने वि.सं. २००८ मा बनेको अर्को "नेपाल पत्रकार संघ" बाट नेपाल पत्रकार महासंघको इतिहास शुरू भएको तर्क गरेका छन् (थापा २०७५; ढुंगेल २०६९) ।

असन्तुष्ट खेमालाई नै २०५३ सालमा नेपाल पत्रकार महासंघ भनियो । वि.सं. २०५७ तिर द्वन्द्वग्रस्त क्षेत्रमा तत्कालीन विद्रोही नेपाल कम्युनिस्ट पार्टी माओवादी निकट र अरू पत्रकारको जीउधन र पेसागत सुरक्षाको मुद्दामा महासंघ आन्दोलित भयो (पत्रकारिता २०५७–२०५८) । असोज २०५९ मा राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई "अक्षम" भनी हटाउँदा महासंघले त्यो शाही कदमको विरोध गर्दै वक्तव्य निकाल्यो । यस वक्तव्यमा "प्रजातान्त्रिक पद्धतिमा मात्र प्रेस स्वतन्त्रता" प्रत्याभूत हुने उल्लेख थियो (पत्रकारिता २०५९) । साथै, वकिल, इन्जिनियर र चिकित्सक लगायत अरू पेसागत संस्थासँग महासंघ मिल्यो र वैशाख २०६१ मा शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड) गठन गर्न सक्रिय भयो (बस्नेत सन् २०१०) । माघ १९, २०६१ मा राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिएपछि महासंघले त्यस कदमलाई "कू" को संज्ञा मात्र दिएन, यस कदमको विरोध गर्न आह्वान गर्दै विज्ञप्ति निकाल्यो र राजनीतिक आन्दोलनका अरू कार्यक्रम पनि घोषणा गर्‍यो (पत्रकारिता २०६२क) । आन्दोलनअघि महासंघको मुख्य नारा "पत्रकारलाई स्वतन्त्रतापूर्वक बाँच्न र लेख्न देऊ" भन्ने थियो । त्यसपछि "शान्ति र प्रजातन्त्रका लागि पूर्ण प्रेस स्वतन्त्रता" भयो (पत्रकारिता २०६२ख) । माघ १९ पछि पत्रकार महासंघको राजनीतिक र व्यावसायिक मुद्दामा भिन्नता रहेन (बस्नेत सन् २०१०) । यस किसिमले राजनीतिक र पेसागत मुद्दालाई संयुक्त रूपमा आन्दोलनरत महासंघलाई डेनिस सहयोग नियोग (डानिडा) ले २०६२ सालमा क्षमता अभिवृद्धि परियोजना (क्यापासिटी डेभलप्मेन्ट अफ द फेडेरेशन अफ नेप्लिज जर्नलिस्टस् फर प्रोटेक्शन एण्ड प्रोमोशन अफ मिडिया राइट्स) अन्तर्गत करिब २ करोड ५० लाख रुपैयाँको सहयोग गरेको थियो ।

विद्यमान अर्थ-राजनीतिक सन्दर्भमा यस परियोजनाका विवरणले नेपालमा अन्तर्राष्ट्रिय दाता र नागरिक समाज बीचको सम्बन्ध खुट्याउन सघाउँछ भन्ने अनुमान मैले यहाँ गरेको छु । हुन त यसअघि नै डेनमार्कमा मुख्य कार्यालय रहेको युनेस्कोको इन्टरनेशनल मिडिया सपोर्ट र जर्मन संस्था फ्रेडेरिक इवर्ट स्टिफ्टुङ जस्ता अन्तर्राष्ट्रिय दाताले महासंघलाई सहयोग गरेका थिए । तर महासंघको आन्दोलनताका डेनिस मिडिया सहयोगको विशेष महत्त्व थियो । डानिडाको यो मिडिया सहयोग स्पष्टत: सत्ता परिवर्तनको आकांक्षाले ग्रस्त थियो । डेनमार्क लगायत नेपालका दाताराष्ट्र राजा ज्ञानेन्द्र र उनको सरकारसँग असन्तुष्ट थिए (डानिडा सन् २००६) । विद्रोही माओवादी र सरकारबीच वार्तामा जोड दिएको चीन बाहेक अरू शक्ति राष्ट्र भारत, अमेरिकाले माघ १९, २०६१ पछि राजाको कदमको भर्त्सना गरे (झा सन् २०१२) । ती देशका कुटनीतिज्ञले आन्दोलनकारीद्वारा आयोजित भेलामा सरकारको प्रतिवाद गर्न खुला अनुरोध गरे । एक जना डेनिस कुटनीतिज्ञले त आफ्नै निवासमा आन्दोलनकारीलाई केही दिन शरण समेत दिए (बस्नेत सन् २०१०) । शाही कदमपछि डेनमार्कले सरकारसँग कुनै नयाँ कार्यक्रमबारे सम्झौता गरेन । चलिरहेको

कर प्रशासन सम्बन्धी कार्यक्रम बन्द गऱ्यो । नागरिक समाज, मानवअधिकार र शान्ति जस्ता विषयलाई आफ्नो प्राथमिकतामा पाऱ्यो । र, यी क्षेत्रमा बजेट बढायो । युरोपियन युनियन र अरू दाताले पनि सरकारलाई प्रजातन्त्र पुनर्स्थापना गर्न दबाब दिए (डानिडा सन् २००६) । माथि उल्लिखित महासंघलाई प्राप्त परियोजना सम्बन्धी कागजपत्रमा पनि डानिडाको सहयोगले महासंघलाई पूर्ण प्रेस स्वतन्त्रता र प्रजातन्त्र पुनर्स्थापनाका लागि "लबी" गर्नसक्ने बनाउने भन्ने छ (एफएनजे सन् २००५) । महासंघले चलाएका यस अघिका परियोजनाभन्दा यो परियोजना स्पष्टत: राजनीतिक उद्देश्यले अभिप्रेरित थियो । पहिले मे ३ को अवसरमा प्रेस स्वतन्त्रता दिवस मनाउने, व्यावसायिक पत्रकारिता सम्बन्धी गोष्ठी, दक्षिण एसियाली पत्रकारको आदानप्रदान गर्ने, संकटकालमा पत्रकारको अवस्थाबारे पुस्तक निकाल्ने जस्ता गतिविधि गर्न अन्तर्राष्ट्रिय दाताले सहयोग गर्थे । यस कागजातमा अघिको सरकारले महासंघलाई दिने भनी वाचा गरेको रु. ४५ लाख सहयोग शाही सरकारले रोक्का गरेका हुनाले महासंघलाई "आर्थिक नाकाबन्दी" गरेको र समानान्तर संस्थालाई सहयोग गरी यो संगठनलाई धराशायी बनाउन उद्यत भएको सन्दर्भ उल्लेख छ (एफएनजे सन् २००५) । यसबाट पनि एउटा विशिष्ट राजनीतिक/सामाजिक आन्दोलनलाई सशक्त बनाउन अन्तर्राष्ट्रिय दाताले महासंघलाई सघाएको स्पष्ट हुन्छ ।

डानिडा-महासंघको परियोजनालाई "केस" को रूपमा केलाउँदा साझेदार संस्थाबारे विस्तृतमा बुझ्न सकिन्छ नै । यसबाट प्राप्त तथ्यले अन्तर्राष्ट्रिय दाता र नेपाली नागरिक समाज/गैसस बीचको सम्बन्धका केही नयाँ पाटा पनि उजिल्याउँछ । नागरिक समाज र दाता बीचको सम्बन्धबारे अध्ययन गर्ने केही अध्येताको ध्यान वित्तीय र प्राविधिक सहकार्यले विद्यमान राजनीतिक र सामाजिक आन्दोलनलाई सघायो वा सघाएन भन्नेतर्फ देखिन्छ । परियोजना विशेषले अथवा परियोजना समूहले केही कर्ताहरूलाई, चलिरहेको राजनीतिक र सामाजिक आन्दोलनमा सक्रिय उपस्थिति देखाउन वा नेतृत्व प्रदान गर्न पक्कै सहज बनाउँछ । तर यतिले त्यो आन्दोलनको निष्कर्ष नै प्रभावित भयो भएन भन्न गाह्रो हुन्छ । कुनै परियोजना विशेषले नै भुइँतहका मानिस आन्दोलनमा सहभागी भएका हुन् वा होइनन् भन्ने थाहा पाउन अझ कठिन हुन्छ । व्यापक रूपमा कार्यकर्ता परिचालन गरी चलाइने आन्दोलनमा त के कारणले जनसहभागिता बढेको वा घटेको हो, निक्यौंल गर्न सकिँदैन । त्यसैले अन्तर्राष्ट्रिय दाताले स्थानीय राजनीतिक र सामाजिक आन्दोलनलाई सघाए सघाएनन् भन्ने प्रश्नको तथ्यात्मक उत्तर पाउन गाह्रो हुन्छ । पुस २०६२ देखि पुस २०६४ र पछि दुई महिना थप गरिएको डानिडा-महासंघको परियोजना अवधिभर महासंघले आफैले चलाएको आन्दोलन वा त्यसले ऐक्यबद्धता जनाएका राजनीतिक आन्दोलनमा पत्रकारहरूको सक्रिय सहभागिता देखिएको हो । फेरि माघ १९, २०६१ पछि राजा ज्ञानेन्द्रले कठोर नियन्त्रण र नियमन गरेको एउटा पक्ष सञ्चार थियो । त्यति बेला समाचार कक्षमा सेना तैनाथ गरिए ।

विवादास्पद सञ्चार अध्यादेश आयो । एफएम रेडियोले समाचार दिन नपाउने र एउटा मिडियाको संस्थाले एकभन्दा बढी सञ्चार माध्यम चलाउन नपाउने व्यवस्था गरियो । यी प्रावधानले नेपाली सञ्चार जगत् सरकारसँग चिढिएको थियो (ढुंगेल २०६४) । तत्कालीन सरकारसँग आफ्नो आक्रोश पोख्न नेपाली मिडियाको बृहत्तर समूह सक्रिय भयो । एफएम रेडियोका लागि पैरवी गर्ने समूह आन्दोलित भयो । मूलधारे मिडियाले व्यवस्था विरुद्ध "मिसन पत्रकारिता" गऱ्यो (शाह सन् २००८) । नागरिक समाजका अरू पेसागत संघ-संस्था र समूहले गरेको आन्दोलनमा महासंघले ऐक्यबद्धता जनायो । महासंघको आन्दोलनमा पनि ती समूह र नागरिक समाजका अरू सदस्य र आन्दोलनका अगुवाहरूको सक्रिय सहभागिता देखियो । यस्तो घटनाक्रममा अन्तर्राष्ट्रिय दाताको सहयोगले महासंघको आन्दोलनमा सहभागिता बढेको हो होइन ठम्याउन सजिलो छैन । आन्दोलनमै कसको एजेण्डा थियो भनी टुंगो लगाउन सकिने विषय होइन । मेरो विचारमा अन्तर्राष्ट्रिय दाता र नागरिक समाज बीचको सम्बन्ध बुझ्न हामीले प्रश्नलाई बदल्नुपर्ने हुन्छ । आन्दोलनलाई सघाउने नाममा आएको एउटा परियोजनाले महासंघको सांगठनिक संरचना र प्रक्रियामा, त्यसको कार्यक्रम सम्पादन शैलीमा, परियोजनाको प्रकृति र गतिविधिका विभिन्न बुँदामा के हेरफेर ल्यायो भन्ने प्रश्न बढी समाधानयोग्य हुनसक्छ । यसको उत्तरले पनि राजनीतिक र सामाजिक आन्दोलनको सन्दर्भमा अन्तर्राष्ट्रिय दाता र नागरिक समाजका सदस्य संस्थाबीच कस्तो सहकार्य किन हुन्छ र त्यस्तो सहयोगले नागरिक समाजको अर्थ-राजनीतिक संरचनामा कति बेला हेरफेर आउँछ भन्ने बुझ्न सकिन्छ ।

यो लेख नेपाल पत्रकार महासंघलाई डानिडाले वि.सं. २०६२ मा क्षमता अभिवृद्धि परियोजना सञ्चालन गर्न करिब २ करोड ५० लाख रुपैयाँको सहयोगको वरिपरि घुम्छ । परियोजना आएपछि महासंघको सांगठनिक स्वरूप, क्षमता, उद्देश्य र गतिविधिमा के परिवर्तन ल्यायो भन्ने विषयलाई यहाँ बुझ्ने प्रयास गरिएको छ । यस क्रममा महासंघले यसअघि चलाएका कार्यक्रमसँग तुलना गरिएको छ । यस परियोजनाले महासंघको संस्थागत सुदृढीकरणका नयाँ कार्यक्रम ल्यायो । प्रेस स्वतन्त्रताको अनुगमनलाई निरन्तरता दियो । नयाँ प्रकाशनको शुरूआत र पुराना कार्यक्रमको परिमार्जन गऱ्यो । राष्ट्रिय र अन्तर्राष्ट्रिय मिडिया मिसनलाई निरन्तरता दिइयो । यो परियोजनाको नालीबेलीबाट वित्तीय र प्राविधिक सहयोग मार्फत नागरिक समाजको एउटा घटकको रूपमा रहेको महासंघमा अन्तर्राष्ट्रिय दाताको प्रभाव बुझ्न सघाउँछ । यो प्रभाव दाताको "भित्री" मनसायले मात्र आएको होइन । परियोजनाका साझेदार संस्थाबीच विद्यमान अर्थ-राजनीतिक सन्दर्भमा जुटेको सहमतिका रूपमा आएको भनेर बुझ्नु यथार्थपरक हुन्छ ।

## सामाजिक आन्दोलन, अन्तर्राष्ट्रिय दाता र गैससको सम्बन्धबारे बुझाइ

राजनीतिक र सामाजिक आन्दोलनको सन्दर्भमा नागरिक समाज/गैसस र अन्तर्राष्ट्रिय/राष्ट्रिय दाताको सम्बन्ध बुझ्न महत्त्वपूर्ण अवधारणा "एनजीओआईजेशन" (एनजीओकरण) हो । यो अवधारणा प्रयोग गर्ने अध्येताको ध्यान परियोजना मार्फत दाता र नागरिक समाजको सदस्य संस्थाभित्र र बृहत्तर सामाजिक क्षेत्रमा के परिवर्तन आयो भन्नेतर्फ हुन्छ । अनि गैसस किन परियोजनामुखी बन्छ भन्नेतर्फ पनि यो अवधारणाले विचार गर्न सघाउँछ । केही अध्येताहरूले अन्तर्राष्ट्रिय/राष्ट्रिय दाताको सहयोगले विकसित र विकासशील राष्ट्रको सामाजिक आन्दोलन र गैससमा पार्ने प्रभाव बुझ्न एनजीओकरणको अवधारणा प्रयोग गरेका छन् (लन्ग सन् १९९७; अलभारेज सन् १९९८) । अरूले भने यही अवधारणा मार्फत गैससले राज्य अथवा निजी क्षेत्रको स्वार्थ सिद्ध गर्न सामाजिक आन्दोलनलाई कमजोर बनाउने तर्क गरेका छन् (चौड्री र कपुर सन् २०१३) । तर सामाजिक आन्दोलनलाई दाताले सघाउँछ वा सघाउँदैन र दाताकै एजेण्डामा आन्दोलन चल्छ कि चल्दैन भनेर पुष्टि गर्न गाह्रो हुन्छ ।

सन् १९९० को दशकमा जर्मनी र ल्याटिन अमेरिकामा महिलावादी एनजीओ विशिष्ट र संस्थागत भएपछि त्यहाँको महिला आन्दोलन कमजोर बनेको हुनसक्ने केही अध्येताले आशंका गरेका छन् । सन् १९९० पछि जर्मनी सरकारले महिला अधिकार सम्बन्धी करिब तीन सय ओटा परियोजना सञ्चालन गऱ्यो । यी परियोजनामा संलग्न हुने व्यक्ति/समूहले आ-आफू अघिदेखि निरन्तर रहेका महिला आन्दोलन छाडे । सरकारी कार्यक्रममा सहभागी संस्थाहरूले आफ्नो वित्तीय र व्यवस्थापकीय क्षमता त बढाउन पायो । तर तिनको राज्यउपर निर्भरता पनि बढ्यो । तिनीहरूबीच प्रतिस्पर्धा र मनोमालिन्य शुरू भयो । तिनको ध्यान स्वयंसेवी गतिविधिमा भन्दा वैतनिक सहभागितामा बढी हुन थाल्यो । सरकारी कार्यक्रमलाई सघाइरहेका दातासँग तिनले पैसा र सम्झौताका लागि मोलमोलाइ गर्न थाले । दाताकै तर्क वरिपरि परियोजना बुने, बनाए । यसरी भुइँ तहमा समुदायमा सक्रिय कतिपय गैससहरू व्यावसायिक र संस्थागत हुने प्रक्रियालाई अध्येता सबिन लन्गले एनजीओकरण भनिन् (लन्ग सन् १९९७) । सबिनले यो रूपान्तरणमा ती गैससको राजनीतिक पार्टीभित्र र गर्भपतनबारे कानून बन्ने प्रक्रियामा सहभागिता कमजोर हुँदै गयो भन्ने उदाहरण दिएकी छिन् । उनले एनजीओकरणलाई नकारात्मक विकासको रूपमा लिएको स्पष्टै छ । यसै गरी झण्डै उही समयमा ल्याटिन अमेरिकामा एनजीओकरण व्यापक भयो । त्यहाँका कतिपय सरकारले महिलाको अवस्था सुधार गर्न विभिन्न मन्त्रालय र निकाय खडा गरे । महिलावादी गैससका सदस्यहरू यी सरकारी कार्यालयमा र सरकारी आयोजनालाई सघाइरहेका अन्तर्राष्ट्रिय संस्थामा विज्ञ भई परामर्श दिन थाले । तिनको यो संलग्नताले एकतिर सरकारी र अन्तर्राष्ट्रिय क्षेत्रको नीति नियमलाई महिलामैत्री बनाउन सघायो । तर तिनीहरू संलग्न गैससहरू भने पहिले अनौपचारिक र उँचनीच नभएका समुदायमा सक्रिय

थिए, सगोल मुद्दामा अविभाजित थिए। अब साँघुरा मुद्दामा लड्ने भए र बढी व्यावसायिक भए। सरकारी र गैरसरकारी कार्यक्रममा गैससका सदस्यले जेण्डर-विज्ञका रूपमा काम गर्दा, दुवै क्षेत्रले गैससलाई नागरिक समाजका प्रतिनिधि मान्दा र सरकारले तिनै विज्ञ मार्फत गैससलाई महिला सम्बन्धी सल्लाह तथा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मा दिँदा ती गैससले महिलावादी नीति र सामाजिक परिवर्तनमा सघाउन सकेनन् भन्ने तर्क सोनिया अलभारेजले गरेकी छिन् (अलभारेज सन् १९९८, सन् १९९९)।

शुरूमा एनजीओकरणलाई नकारात्मक रूपान्तरणको रूपमा प्रस्तुत गर्ने यी दुवै अध्येता सन् २००० को दशकसम्म आइपुग्दा सकारात्मक हुन चाहेको देखिन्छ। ल्याटिन अमेरिकाको सन्दर्भमा केही आलोचकले, एनजीओले महिला आन्दोलनलाई सघाउने भरपर्दा तथ्यांक र विश्लेषणका सामग्री प्रकाशित गरेको, समाजमा महिलावादी विचार विमर्श व्यापक बनाएको, केही संस्था त पुँजीवाद-विरोधी आन्दोलनमा लागेको तथ्यलाई उपेक्षा गर्न मिल्दैन भने। सोनिया अलभारेजले यस्ता प्रमाणलाई स्वीकारेर यो अवधारणाले मात्र सम्बन्धित एनजीओको उद्देश्य र गतिविधि उजिल्याउन नसकिने भन्दै नयाँ विश्लेषणको खाँचो औँल्याइन् (अलभारेज सन् २००८)। सबिन लन्ग (सन् २०१३, सन् २०१६) ले पनि एनजीओकरणको अवधारणालाई परिमार्जित गरिन्। उनले पहिले छरपष्ट र खुकुलो रहेको कुनै सामाजिक समूहभित्र बिस्तारै कार्यविधि स्पष्ट हुँदै जान्छ, वर्गीकृत संरचना बन्न थाल्छ र वैतनिक कर्मचारीको संख्या बढ्न थाल्छ भनिन्। त्यस्तै संस्थाभित्र दाताले चाहने औपचारिक जबाफदेही संयन्त्र बन्न थाल्छ, आन्तरिक अनुगमनका पक्ष बलिया हुन थाल्छन्, लेखा दुरुस्त राख्ने प्रक्रिया बन्छ भनेर प्रस्ट पारिन्। निर्णय लिने प्रक्रिया तय गरिन्छन्, संस्थाका केही सदस्यहरू सरकारी संस्थामा नियुक्त हुनु स्वाभाविक मानिन थाल्छ र अरू केही सदस्य राजनीतिक पार्टीसँग आबद्ध भई आन्दोलनको एजेण्डालाई लागू गर्न खोज्न थाल्छन् भनी प्रकाश पारिन्। यो व्यावसायिक, नोकरशाही र संस्थागत हुने प्रक्रिया आफैमा न राम्रो हो, न नराम्रो हो (लन्ग सन् २०१३)।

नेपाल पत्रकार महासंघ आफ्नो इतिहासमा खुकुलो, छरपस्ट, भुइँ तह अथवा समुदायबीच सक्रिय संस्था रहेन। न यो पहिले अनौपचारिक र उँचनीच नरहेको स्वतःस्फूर्त आन्दोलनकारीको समूह थियो। स्थापनाकालदेखि नै कानूनी रूपमा दर्ता हुँदा यसको आन्तरिक ढाँचा नेपालको प्रचलित कानून अनुसार थियो। *संस्था दर्ता ऐन, २०३४* अनुसार चलेको यो संस्था २०५८ सालपछि *राष्ट्रिय निर्देशन ऐन, २०१८* बाट चल्न थाल्यो। नेपालका पत्रकारहरूको एक मात्र वैधानिक छाता संगठनको रूपमा रहेको महासंघलाई एनजीओकरण अवधारणा मार्फत अध्ययन गरिएका संघ-संस्थासित तुलना गर्न मिल्दैन। दोस्रो, बाह्य सहयोगको स्रोत र प्रकृतिले स्थानीय राजनीतिक र सामाजिक आन्दोलनलाई बलियो वा कमजोरमध्ये के बनाउँछ भनेर हेर्नुअघि आन्दोलनमा संलग्न संस्थाको सांगठनिक

ढाँचा र प्रकृति, कार्यशैली र व्यवस्थापकीय क्षमता तथा उद्देश्य र कार्यक्रममा कस्तो फरक ल्यायो भनेर हेर्नुपर्ने हुन्छ । त्यस्ता परिवर्तनबारे यथेष्ट विवरण प्रकाशमा नल्याई एनजीओकरण अवधारणाको उपादेयता सिद्ध गर्न सकिँदैन ।

नभन्दै केही अध्येताले बाहिरी स्रोतबाट आउने वित्तीय र भौतिक सहयोगको आकर्षणमा गैरसरकारी संस्थाले आफूलाई टिकाइराख्न कसरी आन्दोलनमा परिचालित हुन कम ध्यान दिन्छन् अथवा दिँदैनन्, भन्ने विषय परीक्षण गर्नुपर्ने बताएका छन् (चौड्री र कपुर सन् २०१३) । यो गैसस व्यावसायिक र गैरराजनीतिक हुने प्रक्रिया हो । यस दृष्टिले नेपालको सामाजिक आन्दोलनबारे अनुसन्धान थोरै भएका छन् ।[२] नेपाली महिला आन्दोलनमा लागेका व्यक्तिहरूले सरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट वित्तीय सहयोग पाएपछि तिनको अगुवाइमा चलिरहेका आन्दोलन मत्थर भए भएनन् ? लामो समय दलित आन्दोलनमा होमिएका व्यक्ति दलित अधिकार, हकहित र पैरवीका लागि खोलिएका सरकारी आयोग, प्रतिष्ठान वा यस्तै संस्थामा भर्ती हुन जाँदा दलित आन्दोलन प्रभावित भयो भएन ? यस्ता खोजबिन हुन अझै बाँकी नै छ । अन्तर्राष्ट्रिय दाताको आर्थिक सहयोगलाई देखाएर बेलाबेलामा नेपालमा गैरसरकारी संस्थालाई “डलरखेती” गरेको गम्भीर आरोप लाग्ने गरेको छ (दाहाल र श्रेष्ठ २०६७) । सरकारी, सार्वजनिक र निजी क्षेत्रबाट सहयोग नपाउँदा नेपाली एनजीओहरू अन्तर्राष्ट्रिय दातृ निकायमै भर पर्न बाध्य भएको तथ्य जगजाहेर नै हो । यसरी “डलर” (अर्थात्, अन्तर्राष्ट्रिय दातृ निकायको वित्तीय सहयोग) पाएपछि गैससहरू आफूले चलाइरहेको कार्यक्रम र गतिविधिमा ठ्याक्कै के असर पर्‍यो भन्ने कुराको सांगोपांगो ल्याएको देखिँदैन । छिटपुटमा चर्चा भने नभएका होइनन् । उदाहरणका लागि, दलित, जनजाति र मधेसीका संस्थामा प्राप्त दाताको सहयोगको उल्लेख गर्दै महेन्द्र लावतीले दाताका पैसा लिँदा यी संस्था समुदायभन्दा दाताप्रति बढी जबाफदेही भएका, दाताको एजेण्डा प्राथमिकतामा परेको र दाताले कहिलेकाहीँ तिनका केही गतिविधि रोक्ने समेत गरेका छन् (लावती २०७०) ।[३] परियोजनामुखी भएकै कारण गैससहरू टुक्रेका तथ्य बाहिर आएका छन् (तामाङ सन् २००२) । दाताबाट प्राप्त सहयोगकै कारण दलित सम्बन्धी काम गर्ने गैससले समूहबद्ध भई काम गर्न नसकेको विवरण यसै

[२] यसै अवधारणा प्रयोग गरी सन् २००२ मा स्थापित मानवअधिकारकर्मीको सञ्जालबारे एक अध्यनन (हिटन-श्रेष्ठ र अधिकारी सन् २०११) गरिएको छ । यसक्रममा एनजीओजस्तो दाताको पैसामा चल्नु, वैतनिक कर्मचारी हुनुलाई एनजीओकरणका रूपमा बुझिएको छ ।

[३] दाताले भने अनुसार सन् २०११ मा नेपाल बन्द घोषणा फिर्ता नगरेपछि नेपाल आदिवासी जनजाति महासंघलाई बेलायतको अन्तर्राष्ट्रिय विकास विभागले जानकारी दिई सहयोग रोकेको थियो । यसबारे थप जानकारीका लागि यसै पुस्तकको अध्याय ५ (कैलाश राईको लेख) हेर्नुहोस् ।

पुस्तकको अध्याय ६ (जेबी विश्वकर्माको लेख) मा पनि छ। तर प्रसंगवश चर्चामा आएका यस्ता केही आंशिक तथ्य एनजीओकरण अवधारणाको मूल्यांकन गर्न पर्याप्त छैनन्।

अन्तर्राष्ट्रिय दाताको वित्तीय र प्राविधिक सहयोग पाएपछि महासंघ आफै संलग्न आन्दोलन कमजोर वा बलियो के भयो यो नाप्ने स्पष्ट आधार छैन। तर त्यसबारे केही अनुमान गर्न सकिन्छ। वि.सं. २०६२ मा डानिडाको सहयोगमा क्षमता अभिवृद्धि परियोजना शुरू हुनुअघि पत्रकारको पेसागत सुरक्षाको मुद्दामा महासंघ आन्दोलित थियो। वि.सं. २०५७ तिर माओवादी विद्रोह चर्केपछि सरकारले उक्त पार्टी निकट पत्रकारहरूलाई पक्रन थाल्यो। तिनमा महासंघका केही सदस्य र पदाधिकारी पनि परे। महासंघलाई आन्दोलनमा होमेको एउटा सन्दर्भ—पत्रकार कृष्ण सेन "इच्छुक" को पक्राउ थियो।[४] मंसिर २०५८ मा देशमा संकटकाल घोषणा भएपछि अरू धेरै पत्रकार पक्राउ परे। महासंघको सरकार विरोधी आन्दोलनले गति लियो। साथै, तत्कालीन राजा ज्ञानेन्द्रले निर्वाचित प्रधानमन्त्रीलाई अपदस्त गरी शासनसत्ता आफ्नै हातमा लिने लोकतन्त्र विरोधी कदम विरुद्ध संगठित भई महासंघले आन्दोलन पनि चलायो। माघ १९, २०६१ पछि राजाको कदमलाई "कू" को संज्ञा दिदै विज्ञप्ति जारी गरेपछि महासंघका सभापतिलाई सुरक्षाकर्मीले समात्ने प्रयास गरे भने महासचिव समातिए (घिमिरे र योगी सन् २००५; चौलागाईं २०७३)। यसरी माघ १९ पछि महासंघको कदम सरकार विरोधी राजनीतिक आन्दोलनसँग प्रत्यक्ष जोडिन पुग्यो। त्यस बेला महासंघको नेतृत्वले पेसागत हकहित/मर्यादा र पत्रकारहरूको सुरक्षासँग जोडिएका सवालको सम्बोधन राजनीतिक परिवर्तनबाट मात्र सम्भव हुन्छ भन्ने मान्यता लियो। महासंघ यसरी राजनीतिक आन्दोलनमा होमिदा आन्दोलनकारी राजनीतिक पार्टीसँग मिल्न पुगेको आरोप लगाउँदै पत्रकारको व्यावसायिक मूल्य मान्यतासँग नमिल्ने विचार बोकेको पत्रकारहरूको एउटा समूहले साउन १, २०६२ मा राष्ट्रिय पत्रकार महासंघ गठन गऱ्यो (खनाल २०६२; गुरुङ २०६२)। आन्दोलित महासंघसँग शाही सरकारको सम्बन्ध चिसियो। अघिका सरकारले महासंघलाई दिने बाचा गरेको ४५ लाख रुपैयाँ शाही सरकारले रोक्यो (गाउँले २०६२; कान्तिपुर २०६२ग)। सरकारी सहयोग रोकिए लगत्तै डानिडाले महासंघको क्षमता अभिवृद्धि परियोजना मार्फत करिब २ करोड ५० लाख रुपैयाँको सहयोग दियो। यसमा ७ प्रतिशत प्रशासनिक खर्च (ओभरहेड) का लागि छुट्ट्याइएको थियो र

[४] फागुन २५, २०५७ मा सर्वोच्च अदालतको पूर्ण इजलासले पत्रकार सेनलाई थुनामा राख्नु कानून विरोधी भएकाले रिहा गर्न आदेश दिंदा पनि अदालतको आदेश पालना नगरी झन् उनलाई बेपत्ता पारेपछि महासंघले फागुन २९ मा गृहमन्त्रीको ध्यानाकर्षण गर्दै विरोध पत्र बुझाएको थियो र उनको रिहाइका लागि आन्दोलन घोषणा गरेको थियो। त्यसपछि उनी रिहा भए तर फेरि पक्राउ परे। असार १२, २०५९ मा पत्रकार सेन मारिएको खुलासा भएपछि महासंघले यस घटनाको स्थिति सार्वजनिक गर्न माग गर्दै आन्दोलनका नयाँ कार्यक्रम घोषणा गऱ्यो।

यो रकमले महासंघका कार्यक्रमलाई मात्र होइन, त्यसमा संलग्न कर्मचारीहरूलाई निश्चय नै भरथेग गरेको हुनुपर्छ । त्यसो त परियोजनाको कागजातमै महासंघलाई आन्दोलन गर्न अझ सक्षम बनाउने भनिएको छ । संस्थागत सबलीकरण त्यस परियोजनाको मुख्य उद्देश्य थियो । सबल संस्थाको संलग्नता सफल आन्दोलनको पूर्व सर्त हो तर पर्याप्त कारण होइन ।

डानिडाको सहयोग पाएपछि महासंघको सांगठनिक र व्यवस्थापकीय क्षमता तथा कार्यशैली र कार्यक्रममा के परिवर्तन आयो ? ती परिवर्तन महासंघको उद्देश्य अनुकूल भए भएनन् त ? परियोजना शुरू हुनुअघि नै आन्दोलनरत महासंघलाई माघ १९ को घटनापछि नै परियोजना दिई सहयोग गर्न अन्तर्राष्ट्रिय पत्रकार महासंघले दातृ संस्थाहरूलाई अपिल गरेको थियो । डानिडाको क्षमता अभिवृद्धि परियोजनामा अन्तर्राष्ट्रिय पत्रकार महासंघले पछि सहकार्य पनि गऱ्यो (आईएफजे सन् २००५) । शाही सरकारसँग महासंघको कटु सम्बन्ध, अन्तर्राष्ट्रिय महासंघसँग लामो सहकार्य र डानिडाको महासंघलाई सघाउने चाहनाको मिश्रित फलस्वरूप यो परियोजनाले जन्म लियो । दुई वर्ष चलेको यो परियोजनाले महासंघलाई अनुगमन, पैरवी, दस्तावेजीकरण गर्न र पत्रकारहरूका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ट्रेड युनियनहरूसँग सहकार्य गर्दै संस्थागत रूपमा सुदृढ बनाउने उद्देश्य राखेको थियो (एफएनजे सन् २००५) । परियोजनाको मुख्य बिन्दु संस्थागत सुदृढीकरण, विभिन्न खाले प्रकाशन, मिडिया स्वतन्त्रताको अनुगमन र महासंघको आन्दोलनमा अन्तर्राष्ट्रिय समर्थन थिए । डानिडाको सहकार्यमा चलेको यस परियोजनाले महासंघका कार्यक्रमको प्रकृति, संकथन र अभ्यास तीन ओटै पक्ष हेरेपछि मात्र बाहिरी वित्तीय र प्राविधिक सहयोगले नागरिक समाजका सदस्य संस्थामा तथा तिनले चलाएका सामाजिक आन्दोलनमा के प्रभाव पार्दो रहेछ भन्ने केही सामान्यीकरण गर्न सकिनेछ ।

## डानिडाको क्षमता अभिवृद्धि परियोजना र यसका केही कार्यक्रम

यो परियोजना अन्तर्गत महासंघको क्षमता वृद्धि र संस्थागत विकास, मिडिया अधिकार हननको अनुगमन, दस्तावेजीकरण र प्रचार तथा मिडिया अधिकारको पैरवीजस्ता कार्यक्रम-समूहको चर्चा यहाँ गरिएको छ । परियोजनाको कागजातमा उल्लेख गरिए अनुसार यहाँ तिनको विश्लेषण गरिएको छ । यस क्रममा ती कार्यक्रमको प्रकृति, अभ्यास र विमर्शको विश्लेषण गरिएको छ । परियोजना चलाउने नाममा सञ्चालित ती कार्यक्रमबाट नेपाल पत्रकार महासंघ र डानिडाले के उद्देश्य प्राप्त गर्न खोजेका थिए र ती कार्यक्रम नेपाल पत्रकार महासंघको आन्दोलनसँग कसरी गाँसिएको थियो देखाउन सकिन्छ ।

## *क्षमता अभिवृद्धि र संस्थागत विकास*

यी दुई कार्यक्रम समूहभित्र धेरै ओटा गतिविधि पारिएका थिए । क्षमता अभिवृद्धि अन्तर्गत अन्तर्राष्ट्रिय पत्रकार महासंघका विज्ञ र नेपाल पत्रकार महासंघको नेतृत्व तहबाट तालिमको आवश्यकताबारे अध्ययन, तालिम सामग्री निर्माण गर्ने काम थियो । त्यस्तै, मिडिया अधिकार अनुगमनको तालिम, नेतृत्वको तालिम, संस्थागत तथा व्यावसायिक व्यवस्थापन सीप सम्बन्धी पाठ्यक्रम निर्माण जस्ता गतिविधि राखिएका थिए । मिडिया मिसनलाई सहयोग गर्ने, स्थानीय आवश्यकता हेरी महासंघका पदाधिकारी, व्यवस्थापक र कर्मचारीलाई तालिम दिने कुरा यहाँ पारिएका थिए । संस्थागत विकास अन्तर्गत महासंघका सदस्यको खोजी गरी सदस्यता सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने, महासंघको रणनीतिक योजना र संस्थागत विकासको योजना बनाउने थियो । प्रशासनिक कर्मचारीको वित्तीय निर्देशिका बनाई मूल्यांकन गर्ने र तालिमकर्ता प्रतिनिधिको यात्रा खर्च पुऱ्याउने भन्ने थियो । तीमध्ये केही गतिविधिको विश्लेषण गर्दा क्षमता वृद्धि र संस्थागत विकासका कार्यक्रमको उद्देश्य महासंघद्वारा चलाइएको आन्दोलनलाई प्रभावकारी बनाउनु थियो भन्ने स्पष्ट हुन्छ ।

व्यवस्थापन तथा कर्मचारी लक्षित तालिम र संस्थागत विकासमा यो परियोजनाअघि महासंघले त्यति चासो दिएको देखिँदैन । परियोजनाका कागतपत्रमा भने अन्तर्राष्ट्रिय पत्रकार महासंघका विज्ञद्वारा आठ दिनको तालिमका लागि उपयोगी सामग्री बनाउने भनियो । ती तालिम थिए : (क) दुई दिने मिडिया अधिकार अनुगमन तालिम, (ख) महासंघको केन्द्रीय समिति, क्षेत्रीय शाखा र सचिवालयलाई चार दिने नेतृत्व, व्यवस्थापन सीप र तालिम सीपको तालिम, र (ग) दुई दिने संस्थागत र व्यावसायिक तालिम । मिडिया अनुगमन तालिम "क" ले व्यवस्थित अनुगमनका विधिबारे जानकारी दिएको थियो । तालिम "ख" महासंघका कर्मचारी, अरू ट्रेड युनियनका पदाधिकारीलाई प्रदान गरिएको थियो । यसमा महासंघको भिजन, मिसन, लक्ष्य र उद्देश्यबारे मात्र होइन, युनियनको संरचना र समता विषयमा छलफल गरिएको थियो । त्यस्तै, संस्थागत विकास कार्यक्रम अन्तर्गत सञ्चालित सर्भेबाट नेपाली पत्रकारको अवस्थाको जानकारी आयो । सर्भेका क्रममा सदस्यको सम्पर्क-ठेगाना, कार्यथलो, रोजगारीको प्रकृति, तलबमान, काम गर्ने वातावरण, कार्य सन्तुष्टिको मापनका तालिम, साथै योग्यता र कल्याणकारी प्रावधान[५] को सूचना संकलन गरिएको थियो । संस्थागत सुदृढीकरण अन्तर्गत महासंघको पाँच वर्षे रणनीतिक योजना र संस्थागत विकास योजना तथा महासंघको प्रशासनिक, वैयक्तिक र वित्तीय निर्देशिका बनाउने काममा अन्तर्राष्ट्रिय पत्रकार महासंघ संलग्न हुने बेहोरा त्यस कागजातमा छ । यस्तो निर्देशिकाले महासंघमा स्पष्ट प्रशासनिक र वैयक्तिक प्रणाली विकास गरी पदीय जिम्मेवारी, रिपोर्टिङ, जबाफदेही र सञ्चार प्रणाली समेटिने भनिएको थियो (एफएनजे सन् २००५) ।

[५] यसमा पेन्सन र अरू सुविधा पर्छ ।

यी कार्यक्रम आन्दोलन गर्ने महासंघको नेतृत्व र संस्थागत क्षमता बढाउन बनाइएका थिए । जारी आन्दोलनलाई व्यवस्थित तरिकाले नेतृत्व दिन सक्षम बनाउनु परियोजनाको एउटा उद्देश्य थियो । परियोजनाको कागजातमा महासंघको नेतृत्वलाई पूर्ण प्रेस स्वतन्त्रता र प्रजातन्त्र पुनर्स्थापनाका लागि लबी गर्न सक्षम बनाउने भनिएकै थियो । नेतृत्व तालिमका माध्यमबाट प्रशासक र व्यवस्थापकलाई महासंघको रणनीति र मार्गनिर्देशन बुझाइ आफ्नो लक्ष्य हासिल गर्ने तौरतरिकाबारे जानकारी दिने आशा गरिएको थियो (एफएनजे सन् २००५) । तालिमबाट नेतृत्वमा महासंघको आवश्यकता, भिजन, मिसन बोध हुने र त्यसले आन्दोलनको सफल नेतृत्व दिनसक्ने अनुमान गरिएको देखिन्छ । त्यस्तो तालिम प्राप्त नेतृत्वले आन्दोलनका क्रममा आफूले सिकेको कुरा कसरी लागू गरे भन्ने खोज्न स्थलगत अनुसन्धान (इथ्नोग्राफी) गर्नसके हुन्थ्यो । तर तालिमको महत्त्व बुझ्न काल्पनिक परिदृश्य उभ्याउन सकिन्छ । परियोजना नहुँदो हो त महासंघ नेतृत्वले संगठनलाई हाँक्ने र सदस्य परिचालन गर्ने मार्गचित्र पाउँथ्यो त ? नेपाल भरिका पत्रकारले व्यावसायिक र राजनीतिक उद्देश्य थाहा पाउँथ्यो त ? सदस्यको सर्भेबाट बनेको डाटाबेसले समग्र नेपालमा महासंघको सांगठनिक संरचना कसरी फैलिएको थाहा दिन्थ्यो । महासंघका पदाधिकारीले सदस्य पत्रकारको पेसागत स्थिति अवस्था थाहा पाउँदा आफ्नो शक्तिको भेउ पाए र सदस्यलाई महासंघको आन्दोलनमा परिचालन गर्न सके होलान् । दूरदराजका सदस्यसँग छिटोछरितो सञ्चार स्थापित गर्ने विषयमा यस्ता कार्यक्रमले सघाउने भनिएको थियो (एफएनजे सन् २००५) । यसबाट महासंघको क्षमता अभिवृद्धि र संस्थागत विकासका गतिविधि मार्फत परियोजनाले महासंघको जारी आन्दोलनलाई सघायो भन्ने स्पष्ट हुन्छ ।

### *मिडिया अधिकार हननको अनुगमन, दस्तावेजीकरण र प्रचार*

यसै परियोजनाका क्रममा सञ्चालित मिडिया अधिकार हननको अनुगमन, दस्तावेजीकरण र प्रचार गतिविधिको विश्लेषण गर्दा पनि उपरोक्त तथ्य बढी स्पष्ट हुन्छ । परियोजनामा उल्लेख भएका मिडिया अधिकार अनुगमन युनिटको काम र मिडिया अधिकार सम्बन्धी प्रकाशनको चर्चा तल छ । परियोजनाले मिडिया अधिकारको अनुगमनका लागि चाहिने पूर्वाधार बलियो बनायो भने दस्तावेजीकरण र प्रचारको हकमा पुस्तक, ई-बुलेटिन, न्यूजलेटरको व्यवस्थित प्रकाशन सम्भव बनायो ।

परियोजना अन्तर्गत मिडिया अधिकार हननका घटना अनुगमनका लागि अक्टोबर २००३ (असोज २०६०) देखि शुरू हटलाइन सेवालाई निरन्तरता दिइएको थियो (एफएनजे सन् २००४) । परियोजना थालिएपछि पुस २०६२ ताका यो सेवालाई अझ व्यवस्थित गर्न खोजियो । २४ घण्टा सूचना संकलन गर्ने कार्यालय बाहिर पनि एक जना कर्मचारी रहने वा आएको सूचनालाई कर्मचारीको मोबाइलमा मोड्ने, त्यो सम्भव नभए "एन्सरिङ मिसिन"

मा पठाउने र संकलित सूचना समय-समयमा जाँच गरिने प्रबन्ध मिलाइयो (एफएनजे सन् २००५)। वेबसाइटलाई व्यवस्थित गरियो। त्यसका लागि छुट्टै जनशक्ति तथा वेबस्पेस व्यवस्था गरियो। मिडिया अधिकार हननको जानकारी समयमै दिन र वेबसाइटमा बढी सामग्री राख्न त्यहाँ सूचना प्रवाह थेग्न बढी वेबस्पेस चाहिन्थ्यो। साथै, अनुगमनको सञ्जाल पनि बनाइयो। काठमाडौँ, विराटनगर, बुटवल, नेपालगञ्ज र महेन्द्रनगर गरी पाँच ठाउँमा सूचनाको हब बनाइयो। त्यहाँ प्राप्त सबै सूचना र तथ्यांक काठमाडौँको अनुगमन एकाइमा पुग्थ्यो। काठमाडौँमा वरिष्ठ र सहयोगी अनुगमनकर्ताले यी तथ्यांकको नेपाली र अंग्रेजीमा अनुवाद गरेर विभिन्न छापा र अनलाइनमा पठाउँथे। यस्तै परियोजनाले महासंघको प्रकाशनलाई पनि व्यवस्थित गर्न खोज्यो। मासिक ई-बुलेटिन पहिला प्रकाशित थिएनन्, अब हुन थाले। पुस्तक र न्यूजलेटर परिमार्जित गर्‍यो।[६] परियोजना अवधिमा जम्मा २५ ओटा ई-बुलेटिन बने। म्यागेजिनका रूपमा पूर्वप्रकाशित *पत्रकारिता*लाई नै तीन महिने न्यूजलेटर बनाइयो।[७] यो पातलियो र यसको वितरण राम्रो बनाउन अन्तिम पृष्ठमा पाउने र पठाउनेको नाम लेख्न मिल्ने ठाउँ राखियो। पहिले नेपालीमा मात्र छापिन्थे अब अंग्रेजीमा पनि छापिन थाले। हुलाक टिकटको व्यवस्था समेत भयो। स्पष्टत: मिडिया अधिकार हननका घटनाको दस्तवेजीकरण र प्रचारलाई प्रभावकारी बनाउन यी गतिविधि सहायक थिए। परियोजनाको क्रममा एउटा किताब र नेपाली तथा अंग्रेजीमा गरी चार ओटा वार्षिक प्रतिवेदन प्रकाशित भए। वि.सं. २०६४ मा *बन्दुकको मारमा कलम* भन्ने पुस्तक छापियो जसमा त्यस बेलासम्म नेपालमा २५ जनाभन्दा बढी पत्रकार मारिएका थिए, तीमध्ये १५ जनाबारे जानकारी दिई तिनीहरूलाई कसले, कहिले मार्‍यो भन्ने सूचना राखियो (घिमिरे र दाहाल २०६४)। परियोजना अन्तर्गत महासंघले वार्षिक प्रतिवेदन सार्वजनिक गर्न थाल्यो। यसअघि यो काम मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) ले सन् २००० देखि २००५ सम्म गरेको थियो। परियोजनाले ती प्रतिवेदनलाई निरन्तरता मात्र दिएन, तथ्य प्रस्तुतिमा परिमार्जन गर्न पनि सघायो। सन् २००५ का प्रतिवेदनमा प्रेस स्वतन्त्रता हननका सात आधार हत्या, गिरफ्तारी/थुना, प्रतिबन्ध/जफत/छापा, प्रशासनिक

[६] वि.सं. २०५९ मा महासंघले डानिडाकै सहयोगमा मंसिर ११, २०५८ मा लागू गरिएको संकटकालले नेपाली प्रेसले पारेको प्रभावबारे नेपाली र अंग्रेजीमा किताब निकालेको थियो (काफ्ले सन् २००३; विष्ट २०६०)।

[७] पत्रकार महासंघले चैत २०५४ देखि नै यो त्रैमासिक म्यागेजिन निकाल्न थालेको हो। हुन त असार २०५४ मा चितवनमा भएको १८ औँ महाधिवेशनमै महासंघले यस्तो प्रकाशन निकाल्न खोजेको थियो तर समय अभावले निकाल्न सकेको थिएन (आचार्य २०५४)। पहिलो अंकमा पत्रकारितामा रहेका विसंगति देखाउने र महासंघको गतिविधिलाई पारदर्शी बनाउने म्यागेजिनको उद्देश्य रहेको जानकारी दिइएको थियो (पत्रकारिता २०५४)।

कारबाही, आक्रमण तथा दुर्व्यवहार र अपहरण निक्यौंल गरी कुन आधारमा पत्रकार उपर के कारबाही भयो भन्ने राखियो ।[८]

**तालिका १ : माघ १९, २०६१ पछिको एक वर्षमा प्रेस स्वतन्त्रताको अवस्था**

| | पूर्वाञ्चल | मध्यमाञ्चल | | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | मोफसल | उपत्यका | | | | |
| १. हत्या | १ | - | - | १ | - | - | २ |
| २. यातना/ कुटपिट | १९ | ३ | २४ | १८ | ८ | १ | ७३* |
| ३. अपहरण | ९ | - | - | १ | - | १ | ११ |
| ४. पक्राउ | ९५ | १९ | २३० | १९ | ४३ | ३ | ४०९ |
| ५. दुर्व्यवहार/ धम्की | ४२ | २० | १८ | २७ | ५९ | १३ | १९७ |
| ६. पत्रपत्रिका बन्द | २४ | १९ | - | १९ | २९ | १७ | १०८ |
| ७. प्रकाशन/ प्रसारण अवरोध | ११ | ४ | १५ | १९ | ५ | १ | ५५ |
| ८. पत्रकार विस्थापित | ९ | २ | ४ | १ | २० | ३ | ३९ |
| ९. जागिरबाट निकाला | ९७ | ३ | ६२ | ५८ | ५ | २५ | २५० |
| १०. पेसा/ व्यवसायमा अवरोध | ४ | १४ | ६ | २३ | ७ | १ | २५ |

** स्रोतमा भुलवश ८३ लेखिएको छ ।*

*स्रोत : गाउँले (सन् २००६ : ३) ।*

[८] सेहुर्डेसले सन् २००० देखि प्रकाशित गरेको प्रतिवेदनले प्रत्येक वर्ष यी आधार परिवर्तन हुने गरेको देखाउँछ । सन् २००० को प्रतिवेदनमा यी आधार स्पष्ट थिएन (सेहुर्डेस सन् २०००) । सन् २००१ मा भने अवरोध शीर्षकमा बेपत्ता, काराबास, गिरफ्तारी, प्रशासनिक कार्वाही, प्रतिबन्ध तथा जफत, आक्रमण, धम्की, हातपात तथा दुर्व्यवहार र कानूनी कारबाही गरी नौ ओटा आधार उल्लेख छ (योगी र घिमिरे सन् २००१) । सन् २००२ को प्रतिवेदनमा काराबास/गिरफ्तारी एकै ठाउँमा ल्याई र बेपत्ता हटाई सात ओटा आधार बनाइयो (योगी र घिमिरे सन् २००२) । सन् २००३ मा भने हत्या र बेपत्ता थपियो (घिमिरे सन् २००३) । सन् २००४ मा अपहरण हट्यो (घिमिरे सन् २००४) ।

**तालिका २ : प्रेस स्वतन्त्रताको अवस्था**
**(वैशाख १९, २०६१ देखि वैशाख ११, २०६३ सम्म)**

| | पूर्वाञ्चल | मध्यमाञ्चल | | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | मोफसल | उपत्यका | | | | |
| १. हत्या | १ | - | - | १ | - | - | २ |
| २. यातना/आक्रमण | ५४ | १३ | ५८ | ३२ | ११ | १५ | १८३ |
| ३. अपहरण | ९ | - | १ | १ | - | १ | १२ |
| ४. पक्राउ | १६३ | ५५ | ३८३ | ८२ | ५१ | ११ | ७४५ |
| ५. दुर्व्यवहार/धम्की | ६३ | २२ | २३ | ३१ | ६१ | २१ | २२१ |
| ६. पत्रिका बन्द | २४ | १९ | - | १९ | २९ | १७ | १०८ |
| ७. प्रकाशन/प्रसारण अवरोध | ११ | ४ | १६ | २० | ६ | १ | ५८ |
| ८. पत्रकार विस्थापित | ९ | २ | ४ | १ | २० | ३ | ३९ |
| ९. निष्काशन | ९७ | ३ | ६२ | ५८ | ५ | २५ | २५० |
| १०. पेसा/व्यवसायमा अवरोध | ७ | १५ | १२ | २३ | ७ | १ | ६५ |

*स्रोत : गाउँले (सन् २००७ : ३) ।*

सन् २००६ को वार्षिक पुस्तक (हेर्नुहोस्, तालिका १) मा यी आधार थप विशिष्टकृत गरिए । अब प्रत्येक विकास क्षेत्रमा प्रेस स्वतन्त्रतालाई हत्या, यातना/कुटपिट, अपहरण, पक्राउ, दुर्व्यवहार/धम्की, पत्रिका बन्द, प्रकाशन/प्रसारणमा अवरोध, पत्रकार विस्थापित, जागिरबाट निकाला, पेसा/व्यवसायमा अवरोधका आधारमा तथ्यांक राखियो (गाउँले सन् २००६; चापागाईं सन् २००६) । तुलनात्मक अध्ययनका लागि “बेसलाइन” बनाउने कुरा परियोजनाको कागजातमा उल्लेख छ (एफएनजे सन् २००५) । सेहुर्डेसबाट प्रकाशित प्रतिवेदनमा महासंघको सन् २००६ मा प्रकाशित प्रतिवेदनमा जस्तो तालिका समावेश थिएन । यस्तो तथ्यांकले प्रेस स्वतन्त्रताको अवस्थाको प्रगति वा दुर्गति नाप्न सकिने भयो । नभन्दै सन् २००७ मा प्रकाशित वार्षिक पुस्तकमा (हेर्नुहोस्, तालिका २ र ३) माघ १९, २०६१ देखि वैशाख ११, २०६३ को अवस्थाको प्रेस स्वतन्त्रताको अवस्थासँग वैशाख ११, २०६३ देखि

वैशाख ११, २०६४ तुलना गर्न सकिने गरी एउटै लेखमा राखियो (गाउँले सन् २००७; चापागाईं सन् २००७) र यसका आधारमा प्रेस स्वतन्त्रताको अवस्था राम्रो भएको निष्कर्ष निकालियो।

**तालिका ३ : प्रेस स्वतन्त्रताको अवस्था**
**(वैशाख ११, २०६३ देखि वैशाख १०, २०६४ सम्म)**

| | पूर्वाञ्चल | मध्यमाञ्चल | | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | मोफसल | उपत्यका | | | | |
| १. हत्या | - | - | - | - | - | - | - |
| २. यातना/ आक्रमण | २८ | २५ | १० | २ | ३ | १ | ६९ |
| ३. अपहरण | - | - | १ | - | - | - | १ |
| ४. पक्राउ | - | - | ४ | - | - | - | ४ |
| ५. दुर्व्यवहार/ धम्की | ३७ | १५ | ९ | ५ | ८ | ३ | ७७ |
| ६. पत्रिका बन्द | - | - | - | - | - | - | - |
| ७. प्रकाशन/ प्रसारण अवरोध | २८ | २ | - | - | १ | - | ३१ |
| ८. पत्रकार विस्थापित | - | १२ | - | - | - | - | १२ |
| ९. निष्काशन | - | - | - | २ | १ | १ | ४ |
| १०. पेसा/ व्यवसायमा अवरोध | ८ | ६ | ६ | ३ | १ | - | २४ |

*स्रोत : गाउँले (सन् २००७ : ५)।*

मिडिया आन्दोलनसँग यी अनुगमन, दस्तावेजीकरण र प्रचारका गतिविधि सम्बन्धित छन्। आवधिक अनुगमनबाट संकलित सूचनालाई महासंघको पैरवीलाई भरथेग गर्न प्रयोग गर्ने भनी परियोजनाको कागजातमा उल्लेख छ। पैरवी महासंघको आन्दोलनसँग जोडिएको मुद्दा हो। टेलिफोन हटलाइनको निरन्तरता तथा वेबसाइट र वेबस्पेसमा गरिएको सुधार पनि आन्दोलनलाई ध्यान दिई गरिएका हुन्। पूर्वाधारमा लगानी नगरिएको भए प्रेस स्वतन्त्रता हननको सूचना सजिलै अभिलेखीकरण हुँदैनथ्यो र महासंघको पैरवीलाई सफल बनाई आन्दोलनको उद्देश्य जनमानसमा र अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउन हम्मे हुन्थ्यो। परियोजना शुरू हुनुअघि दैनिक पाँच सयभन्दा कम “हिट” भएको वेबसाइटमा अब तीन हजार हिट

पुगे (हुर्डेक सन् २००८) । देश भरिबाट संकलित प्रेस स्वतन्त्रता हननका सूचना देश र विदेशमा पुऱ्याउने गरी बनेको अनुगमनको सञ्जालले आन्दोलनलाई सघायो । वार्षिक प्रतिवेदनका तालिकाले पाठकलाई नेपालमा प्रेस स्वतन्त्रता सम्बन्धी स्पष्ट चित्र दियो। यी प्रतिवेदन धेरैजसो अन्तर्राष्ट्रिय प्रेस दिवसको मौका पारी सार्वजनिक गरिन्छन् । यो खबर नेपाली मिडियाले टिप्थे नै । प्रेस स्वतन्त्रताको पक्षमा काम गर्ने अरू अन्तर्राष्ट्रिय संस्थाले पनि प्रचार गर्थे । परियोजनाका गतिविधिबाट प्रेस स्वतन्त्रता हननका रिपोर्ट र "अलर्ट" मा मात्रात्मक र गुणात्मक परिवर्तन ल्यायो र यस्ता सामग्रीको वितरणको रफ्तार बढायो । महासंघको आन्दोलन प्रभावकारी बनाउन यी कार्यक्रम सहायक बने ।

## मिडिया अधिकारको पैरवी

यस परियोजनाका क्रममा सञ्चालित मिडिया अधिकार पैरवीका कार्यक्रम अन्तर्गत राष्ट्रिय/अन्तर्राष्ट्रिय मिसन, जिल्लामा जागरुकता गोष्ठी र मिडिया अधिकार राष्ट्रिय सम्मेलन गरी चार ओटा कार्यक्रम थिए । यस क्रममा राष्ट्रिय मिडिया मिसन र जिल्ला जागरुकता गोष्ठी व्यवस्थित भए। अन्तर्राष्ट्रिय मिडिया मिसन र मिडिया अधिकार राष्ट्रिय सम्मेलनले निरन्तरता पायो । द्वन्द्वग्रस्त क्षेत्रमा मिडिया अधिकार र अभिव्यक्ति स्वतन्त्रताका लागि काठमाडौँबाट निरन्तर टोली जान थाले । नेपालमा प्रेस स्वतन्त्रताको अवस्था बुझ्न अन्तर्राष्ट्रिय संस्था नेपाल निरन्तर आउन थाले । तिनले सम्भव भएसम्म त्यही बेला हुने सम्मेलनमा भाग लिए। यसबाट महासंघको आन्दोलनमा अन्तर्राष्ट्रिय चासो र ऐक्यबद्धता देखियो ।

पुस २०६२ ताका यो परियोजना शुरू हुँदा महासंघले आयोजना गरेको राष्ट्रिय मिडिया मिसन र जिल्ला जागरुकता गोष्ठी यस अघिका भन्दा बढी व्यवस्थित र परिमार्जित थिए ।[९] महासंघको मिसनको मुख्य उद्देश्य द्वन्द्वग्रस्त क्षेत्रमा विद्रोही र राज्यपक्षबाट बन्दी बनाइएका पत्रकारको सकुशल उद्धार गर्ने हुन्थ्यो । असार २०६२ मा इलाममा माओवादीले अपहरण गरी नियन्त्रणमा लिएका पत्रकार सोम शर्मा र आफ्नै घरमा बन्दी बनाइएका उमेश गुरुङ र सोही वर्षको असोजमा दैलेखमा जिल्ला प्रहरी कार्यालयमा आतंककारी ऐन अन्तर्गत मुद्दा चलाइएका हरिहरसिंह राठौर महासंघकै पहलमा मुक्त भएका थिए । पुस २०६२ पछि भने महासंघको मिसनले व्यक्ति केन्द्रित उद्देश्य मात्र होइन जिल्लाकै समग्र वस्तुस्थिति बुझ्ने प्रयास गर्न थाल्यो । साथसाथै, मध्य-पहाड र तराईका विभिन्न जिल्लाको प्रेस स्वतन्त्रताको स्थिति अनुगमन गरियो । पुस २०६२ देखि कात्तिक २०६४ सम्म गएका आठ ओटा मिसनमध्ये आधाले यस्तो अनुगमन गऱ्यो (हेर्नुहोस्, तालिका ४) । अधिकांश मिसन तराई

[९] माघ १९, २०६१ मा शाही घोषणाले पारेको प्रभाव बुझ्न साउथ एसियन फ्रि मिडिया एशोसिएशन (साफ्मा) र महासंघ मिलेर वैशाख २०६२ मा पाँच विकास क्षेत्रमा मिसन पठाएको थियो (अन्नपूर्ण पोष्ट २०६२क) ।

केन्द्रित थिए । अब मिडिया मिसनको काम फराकिलो र विस्तृत बन्यो । त्यस्तै, मिसनमा सम्मिलित सदस्यको दायरा बढ्यो । असोज २०६२ मा हरिहरसिंह राठौरलाई छुटाउन गएको टोलीमा महासंघका महासचिव र केन्द्रीय सदस्य, *कान्तिपुर* र द *काठमाडौँ पोष्ट*का सम्पादक र इन्सेकका प्रतिनिधि मात्र थिए (कान्तिपुर २०६२क) भने परियोजनाको क्रममा उच्चस्तरीय मिडिया मिसन पठाउने भनियो । ती मिसनमा मिडिया स्वतन्त्रताको पुनर्स्थापना वा व्यावसायिक पत्रकारिताको प्रवर्द्धनमा काम गर्ने संस्थाका प्रतिनिधि पनि संलग्न भए । माघ २०६२ मा कञ्चनपुर गएको टोलीमा महासंघका सुदूरपश्चिमाञ्चल उपसभापति, मध्यपश्चिमाञ्चल उपसभापति, केन्द्रीय सदस्य र बार एशोसिएशन तथा मानवअधिकार संस्थाका प्रतिनिधिहरू सम्मिलित थिए (अन्नपूर्ण पोष्ट २०६२क) । आन्दोलनको मोर्चालाई फराकिलो बनाउने र सहयोगी संस्थासँग साझा मञ्च बनाउन मिडिया मिसन सहायक बन्यो । परियोजनाकै क्रममा डेनमार्क स्थित इन्टरनेशनल मिडिया सर्भिसेज र नेपाल पत्रकार महासंघले आयोजना गरेको तीन ओटा अन्तर्राष्ट्रिय मिसन पहिलेकै मिडिया मिसनको निरन्तरता थियो । माघ १९, २०६१ पछि असार २८, २०६२ बाट १२ ओटा संस्था मिली नेपाल आएको संयुक्त मिडिया मिसनकै ढाँचामा यी मिसनको डिजाइन भयो ।[१०] त्यो मिसनले नेपाल पत्रकार महासंघ लगायत मानवअधिकार सम्बन्धी काम गर्ने अरू संस्थालाई प्रेस स्वतन्त्रता हननको अनुगमन र दस्तावेजीकरणबारे तालिम दिन नेपालस्थित मानवअधिकारको उच्च कमिश्नरलाई सुझाव दिएको थियो (आईएमएस सन् २००५) । परियोजनाको अवधिमा १२ ओटा अन्तर्राष्ट्रिय संस्थाको प्रतिनिधि सम्मिलित पहिलो मिसन डानिडाको सहयोगमा २०६२–२०६३ सालको जनआन्दोलनको करिब एक महिनाअघि चैत २०६२ मा नेपालमा आयो ।[११] आन्दोलन टुंगेको करिब पाँच महिनापछि सेप्टेम्बर २००६ मा सात ओटा संस्था सम्मिलित दोस्रो मिसन आयो ।[१२] यसको मुख्य लक्ष्य भने परिवर्तित राजनीतिक माहोलमा प्रजातान्त्रिक र सुहाउँदो सञ्चार नीति बनाउन दबाब दिने थियो । तेस्रो मिडिया मिसन संविधान सभाको चुनावअघि जनवरी २००८ मा आयो ।

[१०] योभन्दा अघि एकल मिडिया मिसन आउने गरेको थियो ।

[११] तिनीहरूमा युनेस्को, आर्टिकल १९, फ्रि भ्वाइस, आईएफजे, आईफेक्स, आईएमएस, इन्टरनेशनल न्यूज सेफ्टी इन्स्टिच्यूट, इन्टरनेशनल प्रेस इन्स्टिच्यूट, रिपोर्टर्स सान्स फ्रन्टियर्स, साउथ एसिया प्रेस कमिसन, वर्ल्ड एशोसिएशन अफ कम्युनिटी रेडियो ब्रोडकास्टर्स (अमार्क) र वर्ल्ड प्रेस फ्रिडम कमिटी थिए । https://web.archive.org/web/20080703180302/http://www.fnjnepal.org/mission_2/mission_2.php मा उपलब्ध; चैत १०, २०७६ मा हेरिएको ।

[१२] तिनीहरूमा अमार्क, आर्टिकल १९, आईएफजे, आईएमएस, इन्टरनेशनल न्यूज सेफ्टी इन्स्टिच्यूट, ओपन सोसाइटी इन्स्टिच्यूट र युनेस्को थिए । https://web.archive.org/web/20080703175719/http://www.fnjnepal.org/Mission3/mission2006_3.php मा उपलब्ध; चैत १०, २०७६ मा हेरिएको ।

## तालिका ४ : नेपाल पत्रकार महासंघका मिडिया मिसनहरू (वि.सं. २०६२–२०६४)

| मिति | जिल्ला/क्षेत्र | मिसनका गतिविधि |
|---|---|---|
| कात्तिक २०६४ | कञ्चनपुर (सुदूरपश्चिम) | बेपत्ता पत्रकार प्रकाश ठकुरीको स्थितिको छानबिन तथा उनका परिवारको अवस्थाको अनुगमन। |
| असोज, कात्तिक २०६४ | बारा, पर्सा (मध्यतराई) | असोजमा माओवादीद्वारा अपहरणपछि बेपत्ता पारिएका बाराका पत्रकार वीरेन्द्र साहको स्थितिको अनुगमन र कात्तिकमा वीरेन्द्रको शवमा श्रद्धाञ्जली |
| चैत २०६३ | बाँके (मध्यपश्चिम तराई) | नेपालगञ्जमा पटक-पटक पत्रकारमाथि भएका आक्रमण, धम्कीका घटनाहरूको छानबिन। प्रेस स्वतन्त्रता स्थितिको अनुगमन। |
| माघ २०६३ | मोरङ, सुनसरी, झापा (पूर्वीतराई) | तराई आन्दोलनको क्रममा पत्रकारितामाथि भएका आक्रमण, धम्की र विस्थापनका घटनाहरूको छानबिन। चार जिल्लामा प्रेस स्वतन्त्रता स्थितिको अनुगमन। |
| माघ २०६३ | बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा (मध्यतराई) | मधेस आन्दोलनको क्रममा पत्रकार तथा मिडिया संस्थामाथि भएका आक्रमण, धम्की, विस्थापनका घटनाहरूको छानबिन। पाँच जिल्लामा प्रेस स्वतन्त्रता स्थितिको अनुगमन। |
| मंसिर २०६३ | ताप्लेजुङ (पूर्वीपहाड) | माओवादी कार्यकर्ताको अगुवाइमा पिटिएका पत्रकार धर्मप्रसाद पौडेलको बारेमा छानबिन तथा प्रेस स्वतन्त्रता स्थितिको अनुगमन। |
| माघ २०६२ | कञ्चनपुर, कैलाली, डडेलधुरा, डोटी, अछाम र बाजुरा (सुदुरपश्चिम तराई र पहाड) | कञ्चनपुरका पत्रकार खेम भण्डारी र डडेलधुराका दिलबहादुर ऐर प्रहरी हिरासतबाट मुक्त। छ जिल्लामा प्रेस स्वतन्त्रता स्थितिको अनुगमन तथा विकट जिल्ला बाजुरामा प्रेस स्वतन्त्रता र लोकतन्त्रको विषयमा बृहत् छलफल कार्यक्रम। |
| पुस २०६२ | सिन्धुली, धनुषा, महोत्तरी, बारा, पर्सा, मकवानपुर र चितवन (मध्यपहाड र तराई) | सेना र प्रशासनको धम्कीबाट विस्थापित भएर काठमाडौँमा बस्दै आएका पत्रकारद्वय द्वारिका काफ्ले र कृष्णहरि घिमिरेको पुनर्स्थापना। सात जिल्लाको प्रेस स्वतन्त्रता स्थितिको अनुगमन। |
| असोज २०६२ | दैलेख (मध्यपश्चिम पहाड) | सेनाको आदेशमा जिल्ला प्रहरी कार्यालयमा राखेर आतंक तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत मुद्दा चलाइएका पत्रकार हरिहरसिंह राठौर मुक्त। |
| असार २०६२ | इलाम (पूर्वीपहाड) | माओवादीले अपहरण गरेर ५६ दिनसम्म नियन्त्रणमा राखेका पत्रकार सोम शर्मा मुक्त। माओवादीद्वारा आफ्नै घरमा बन्दी बनाइएका रेडियो नेपालका संवाददाता उमेश गुरुङ मुक्त। |

*स्रोत : बस्नेत (सन् २००८ : ३९)।*

यसमा १२ ओटा अन्तर्राष्ट्रिय संस्था सहभागी थिए।[१३] यी मिसनले महासंघको आन्दोलनका पेसागत र राजनीतिक पक्षलाई दह्रोसँग उठाउने र नेपालको नागरिक समाजको क्षेत्रमा महासंघलाई स्थापित गर्न सघायो ।

मिडिया मिसन मार्फत मिडिया अधिकारको आवधिक अनुगमन र सशक्त पैरवी भयो । यसले नेपाली मिडियालाई आफ्नो अधिकार रक्षा गर्न सक्षम बनायो । कार्यक्रमले एकतिर पत्रकारको मनोबल बढायो भने अर्कोतिर प्रेस स्वतन्त्रता हनन गर्नेहरूलाई सचेत बनायो । राष्ट्रिय मिसनको काम तथ्य संकलन, कठिनाइ पत्ता लगाउनु र वातावरण सहज बनाउनु थियो (बस्नेत सन् २००७) । यी गतिविधिले महासंघको आन्दोलनमा पत्रकारको संलग्नता बढायो । मिसनसँगै आयोजना गरिने जागरुकता गोष्ठी हेर्दा यो कुरा स्पष्ट हुन्छ । परियोजनाको कागजमा ती गोष्ठीले पत्रकारहरूलाई पत्रकारिताका अन्तर्राष्ट्रिय मान्यताबारे र संवैधानिक तथा मानवअधिकार सम्बन्धी कानूनको जानकारी दिई आफ्नो अधिकार तथा कर्तव्यप्रति सजग बनाउने भनिएको छ । गोष्ठीमा स्थानीय सुरक्षा अधिकारीलाई पनि बोलाइ आफ्नो कानूनी र नैतिक जिम्मेवारी तथा उनीहरूको कामको अनुगमन भइरहेको कुरा सम्झाउने भनिएको छ । यसले महासंघका सदस्यलाई आफू एक्लो नभएको महसुस गरायो र मानवअधिकारको हनन गर्नेलाई सचेत गरायो । महासंघसँग दक्षिण एसिया र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रेस स्वतन्त्रता सम्बन्धी काम गर्ने संस्थाको एकता/ऐक्यबद्धताको उद्देश्यले पनि अन्तर्राष्ट्रिय मिसनले निरन्तरता पायो (एफएनजे सन् २००५) । यो कार्यक्रम आन्दोलनप्रति अन्तर्राष्ट्रिय ऐक्यबद्धता देखाउने अवसर बन्यो । आन्दोलनरत केही पत्रकारले यस्ता मिसनले पत्रकारमा आशा जगाएको लेखेका छन् (प्रधान सन् २००८) । अरूले मिडिया आन्दोलन मात्र होइन समग्र राजनीतिक आन्दोलनलाई सघाई नेपालमा लोकतन्त्र स्थापनामा सम्भव बनाएको दाबी गरेका छन् (घिमिरे सन् २००७) । मिसनकै कारण नेपाल म्यानमारको बाटोतिर नपुगेको लख (कुन्द दीक्षित उद्धृत, कान्तिपुर २०६२ख) पनि काटिएको छ । मिसनका केही प्रतिनिधिले महासंघले चैत ९ मा काठमाडौँमा आयोजना गरेको प्रदर्शनमा भाग लिई ऐक्यबद्धता प्रकट गरे (अन्नपूर्ण पोष्ट २०६२ख) । यो ऐक्यबद्धताले मिडिया आन्दोलनका सहभागी र नेतृत्वकर्ताको हौसला बढेको हुनुपर्छ । मिसन आउनुअघि पुस २२, २०६२ आयोजना गरिएको सम्मेलनमा यस्तै आवाज सुनिएको थियो । त्यो सम्मेलनमा महासंघका तत्कालीन महासचिव महेन्द्र विष्टले "नेपाली मिडिया

[१३] तिनीहरूमा रिपोर्टर्स सान्स फ्रन्टियर्स, अमार्क, आर्टिकल १९, आईएफजे, आईएमएस, ओपन सोसाइटी इन्स्टिच्यूट, युनेस्को, इन्टरनेशलन प्रेस इन्स्टिच्यूट, वर्ल्ड प्रेस फ्रिडम कमिटी, फाउण्डेशन हिरोन्डेल, इन्टरन्यूज र रोरीपिक ट्रष्ट थिए। https://web.archive.org/web/20080703175959/http://www.fnjnepal.org/mission08/mission2008_back.php मा उपलब्ध; चैत १०, २०७६ मा हेरिएको ।

आन्दोलनको आवश्यकता र प्राथमिकता" र मिडिया सर्भिसेज इन्टरनेशनलका हेमबहादुर विष्टले "वर्तमान मिडिया आन्दोलनले सम्बोधन गर्न नसकेका पक्षहरू" भन्ने कार्यपत्र प्रस्तुत गरेका थिए । आन्दोलनमा अन्तर्राष्ट्रिय मिसनबाट प्राप्त हुने ऐक्यबद्धतालाई सो सम्मेलनमा महेन्द्र विष्टले सम्झेका थिए । कार्यक्रममा उनले लेखेका छन्, "सीधा कुरा छ, नेपाली प्रेसको सामु अबको विकल्प 'गर या मर' मात्रै छ । सक्छौ आन्दोलन गर र आन्दोलनकै बलमा आफ्नो अधिकार बहाली गराऊ..." (विष्ट २०६२) । यसरी घनिभूत भएर लागेको महासंघलाई यो परियोजनाले सांगठनिक रूपमा आन्दोलन अनुकूल गतिविधि हाँक्ने अवसर र सामर्थ्य दियो ।

## निष्कर्ष

नागरिक समाजका सदस्य संस्थाको रूपमा गैसस र अन्तर्राष्ट्रिय दाताबीच सम्बन्ध त्यसै पनि जटिल हुन्छ । तर स्थानीय पेसागत, सामाजिक र राजनीतिक आन्दोलनको सन्दर्भले त्यस्तो सम्बन्धलाई सन्देहास्पद बनाउँछ । डानिडाको वित्तीय र प्राविधिक सहयोगमा नेपाल पत्रकार महासंघले चलाएको परियोजनाले महासंघका पदाधिकारीको नेतृत्व क्षमता बढायो र महासंघको देशव्यापी सञ्जाललाई सुदृढ गरायो । मिडिया अधिकारको लामो आन्दोलन र राजनीतिक आन्दोलनको तात्कालिक अवस्थामा डानिडाको सहायताबाट महासंघले कुनै रणनीतिक लाभ लिएन भन्न मिल्दैन । नेतृत्व सम्बन्धी तालिम र नीति निर्माणमा प्राविधिक सहयोग, महासंघका सदस्यहरूको पेसागत अवस्था र सन्तुष्टि सम्बन्धी सर्भे र आवधिक तथ्यांकले त्यति बेलाका पदाधिकारीले महासंघलाई देशव्यापी शक्ति सञ्जालको रूपमा कल्पना गरेको हुनुपर्छ । प्रेस स्वतन्त्रताको प्रभावकारी अनुगमनका लागि चाहिने हटलाइन टेलिफोन, छिटोछरितो सूचना संग्रह र सम्प्रेषणका लागि वेबसाइट र वेबस्पेस तथा आवधिक प्रकाशनका नयाँ रूपसज्जाले महासंघलाई व्यावसायिक संस्थाको छवि बनाउन मद्दत गरेको हुनुपर्छ । महासंघका पदाधिकारीहरूको नियमित जिल्ला भ्रमण र अनुगमनले महासंघको आन्तरिक सूचनाप्रवाहमा टेवा मिलेको हुनुपर्छ । महासंघले चलाएको पेसागत र राजनीतिक आन्दोलनमा अन्तर्राष्ट्रिय उपस्थिति र ऐक्यबद्धताले देशभित्र महासंघको संलग्नता केही हदसम्म प्रभावकारी बनेको हुनुपर्छ । नेपालमा जारी आन्दोलनका विषयमा महासंघका अन्तर्राष्ट्रिय साझेदार संस्था मार्फत विदेशमा पनि प्रचार हुँदा आन्दोलनरत व्यक्ति र संस्था दुवैलाई सन्तोष मिलेको हुनुपर्छ । यसरी परियोजनाका क्रममा सञ्चालित गतिविधिले बिस्तारै राजनीतिक आन्दोलनमा होमिदै गरेको महासंघका पदाधिकारीलाई अत्यावश्यक मौका, कारण र सामर्थ्य प्रदान गरेको हुनुपर्छ । दाताको सहयोगबाट उपलब्ध हुने यो अवसरले आन्दोलनलाई अप्रत्यक्ष रूपमा भए पनि सघाएकै हुनुपर्छ भन्दा आन्दोलनका स्थानीय उत्प्रेरणा र कारकलाई नदेखे झैँ गरेको आरोप लगाउन मिल्दैन ।

महासंघ, डानिडा र जनआन्दोलन बीचको सम्बन्ध तत्कालीन राजनीतिक अवस्था, दाताको उद्देश्य, रणनीति र कार्यक्रममा गरिएको परिवर्तनले पनि बुझ्न सघाउँछ । वि.सं. २०६२ को अन्त्यतिर सो परियोजना शुरू हुँदा अन्तर्राष्ट्रिय दाताको उद्देश्य नेपालमा प्रजातन्त्र पुनर्स्थापना गर्न सरकारलाई दबाब दिनु र आन्दोलनरत नागरिक समाजलाई सहयोग गर्नु थियो । यो कुरा उनीहरूको दस्तावेजमा स्पष्ट उल्लेख छ । दाताको उपरोक्त उद्देश्यसँग मिल्ने सन्दर्भ नेपाल पत्रकार महासंघले चलाएको मिडिया अधिकारको बहस पैरवी र पापडको नाममा आन्दोलनरत नागरिक समाजका अरू घटक सँगको सहकार्यले उपयुक्त बनेको थियो । त्यति बेला राजनीतिक पार्टीहरू राजाको विरोधमा आन्दोलित थिए । परियोजना शुरू हुँदाको बृहत्तर सामाजिक र राजनीतिक माहोल नै दाताको उद्देश्यलाई कार्यान्वयन गर्ने र महासंघलाई सबल, समर्थ देशव्यापी सञ्जालको रूपमा विकसित गर्ने एवं आफ्नो आन्दोलनलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तथा यसका पदाधिकारीको आकांक्षालाई मूर्त रूप दिने उपयुक्त सन्दर्भ बन्यो । यो परियोजनाले महासंघको मिडिया अधिकार सम्बन्धी पेसागत आन्दोलन र शाही सत्ताको प्रतिरोध गर्दै राजनीतिक सत्ता परिवर्तनको तात्कालिक राजनीतिक आन्दोलन दुवैलाई तार्किक निष्कर्षमा पुऱ्याउन वित्तीय र संगठनात्मक रूपले समर्थ बनायो । परियोजना मार्फत प्राप्त वित्तीय र प्राविधिक सहयोगबाट बनेको पूर्वाधारले स्थानीय आन्दोलनलाई सबल बनाएकै हुन्छ । यसले आन्दोलनमा सहभागीको मनोबल पनि बढाउँछ नै । परियोजनाका यस्ता परिणामको वस्तुगत प्रमाण भेट्टाउन सकिँदैन । तर परियोजनाबाट प्राप्त पूर्वाधारको अभावमा आन्दोलनरत संस्थाले जुझ्नुपर्ने कठिनाइ अनुभवसिद्ध कुरा हुन् ।

यस अध्ययनले दाताको सहयोगले सामाजिक आन्दोलनलाई सघाउँछ वा सघाउँदैन र दाताको एजेण्डामै आन्दोलन चल्छ कि चल्दैन भन्ने प्रश्न सतही भएको प्रस्ट गर्छ । यस्ता प्रश्नले जटिल यथार्थलाई समात्न सक्दैन । वास्तवमा सामाजिक आन्दोलनमा लागेका पात्रहरू र उनीहरूको विमर्शको विश्लेषणले कतिपय अवस्थामा ती आन्दोलन स्थानीय आवश्यकताले जन्माउँछ भन्ने तर्क जायज लाग्न सक्छ । दाताको दस्तावेज र विमर्शलाई केन्द्रमा राखी अध्ययन गर्दा आन्दोलनमा उनीहरूको भूमिका प्रभावशाली देखिन सक्छ । विशेष गरी आन्दोलन सफल भएपछि यी दुवै पक्षले आ-आफ्ना भूमिकालाई बढाइचढाइ गर्दै नौला विमर्श रच्न थालेको भेटिनु कुनै आश्चर्यको कुरो होइन । सामाजिक आन्दोलनकर्ता र दाता दुवैले साझा रूपमा स्वीकारेको तात्कालिक दस्तावेजको अध्ययन गऱ्यो भने दाताका उद्देश्य र आशय अनि आन्दोलनकर्ताको आवश्यकता र आकांक्षा यी दुवैको मेल कस्तो समय परिस्थिति र कुन बिन्दुमा हुनसक्यो भन्ने बुझ्न सहायक हुन्छ । पेसागत र राजनीतिक आन्दोलनमा संलग्न महासंघका कार्यकर्ताले आज आएर डानिडाको परियोजना तात्कालिक आवश्यकता मात्र होइन त्यसले नेपाली पत्रकारको पेसागत हकहितलाई नेपालमा भएको

राजनीतिक परिवर्तन मार्फत बढी सुरक्षित गर्न सक्यो भन्ने दाबी गर्नु स्वाभाविकै हुनेछ । साथै, अन्तर्राष्ट्रिय दाता डानिडाले पनि स्थानीय आन्दोलन र राजनीतिक परिस्थितिमा आएको सकारात्मक परिवर्तनले लोकतन्त्रको पुनर्स्थापनामा आफ्नो भूमिका देखाउँदा उसको गृह-श्रोतालाई सन्तोष मिल्छ भन्ने ठानेकै हुनेछ । सौभाग्य शाह (सन् २००८) ले भने झैँ नागरिक समाजको आन्दोलनमा दाताको भौतिक र नैतिक दुवै समर्थन थियो ।

यसरी आन्दोलनकर्ता र अन्तर्राष्ट्रिय दाता दुवैका विमर्शमा नीहित स्वार्थमाथि ध्यान दिने हो भने स्थानीय पेसागत, सामाजिक र राजनीतिक आन्दोलन दाताको सहयोग दिने र लिने एउटा "कारण वा बहाना" बन्छ । मिडिया आन्दोलनलाई सघाउने नाममा डानिडा-महासंघको सहकार्यले केही पुरानो कार्यक्रमलाई निरन्तरता दियो । यो परियोजनाले केही पुराना गतिविधिलाई परिमार्जित गऱ्यो र फैलायो । केही नयाँ कार्यक्रमको शुरूआत गऱ्यो । संस्थागत सुदृढीकरण पदावलीभित्र नेपाल पत्रकार महासंघ जस्तो पेसागत संस्थालाई व्यावसायिक संगठनको रूप दिन अन्तर्राष्ट्रिय पत्रकार महासंघ संलग्न हुन पायो । प्रेस स्वतन्त्रताको निश्चित मान्यता बोकेका अन्तर्राष्ट्रिय संस्था यसै परियोजनाको अवसरमा नेपालमा प्रेस स्वतन्त्रताको अवस्थामा चासो देखाउँदै नेपाल भित्रियो र महासंघको पेसागत र राजनीतिक गतिविधिमा ऐक्यबद्धता देखाउन उभियो । मिडिया अधिकार र विकासका लागि वैदेशिक सहायताको उद्देश्य त्यसै पनि स्थानीय संघ-संस्थाले चाहेको सन्दर्भ-परिस्थितिमा सत्ता परिवर्तनको उद्देश्यसँग गाँसिन पुग्छ भन्ने कुरा सिरियामा भएको अध्ययनले पनि देखाएको छ (ब्राउन्ले सन् २०१७) ।

नागरिक समाज/गैससका विभिन्न अवयव, वैदेशिक दातृनिकाय र सामाजिक तथा राजनीतिक आन्दोलन बीचको त्रिकोणात्मक सम्बन्धलाई बुझ्न त्यस्ता संस्थामा संलग्न व्यक्तिहरू र अन्तर्राष्ट्रिय दाता दुवैको विमर्श, सहायता परियोजनका कार्यक्रम, ती कार्यक्रम अन्तर्गत चलाइएका गतिविधि र विमर्शको विश्लेषण गर्न आवश्यक छ । दाताको एजेण्डामा कुनै सामाजिक वा राजनीतिक आन्दोलन हुने नहुने र त्यसबाट देशै कमजोर हुने नहुने अथवा दाताका चासो र लगानीले कुनै प्रभाव नपार्ने गरी देश भित्रकै सामाजिक ऐतिहासिक आवश्यकताले मात्र सामाजिक राजनीतिक आन्दोलन हुनेजस्ता दुवै उग्र तर्कभन्दा पर जानुपर्छ । वास्तवमा दाता र नागरिक समाजको सम्बन्ध स्थापित हुन कसरी "आन्दोलन," "समस्या" र "हस्तक्षेपको अनिवार्यता" जन्मिरहनुपर्छ भन्नेतिर अध्येताले ध्यान दिन आवश्यक छ । अध्येताको खोजीको विषय नै "सहयोगको अनिवार्यता" को निर्माण कसरी हुनसक्छ भन्ने हुनुपर्छ । यस्तो अध्ययनले बहिष्करण, द्वन्द्व, शान्ति, द्वन्द्वोत्तर लोकतन्त्र बहाली, विपद्, पुनर्निमाण, महामारीजस्ता नागरिक समाजले काम गर्ने क्षेत्र र अन्तर्राष्ट्रिय दाताका दस्तावेजमा भनिने क्रस-कटिङ मुद्दामा आउने परिवर्तन किन अत्यावश्क छ भन्ने बुझ्न सघाउने छ ।

## धन्यवाद

यो लेख धेरै व्यक्तिहरूको सहयोगको प्रतिफल हो । महासंघका वर्तमान सभापति गोविन्द आचार्यले संस्थामा राखिएका पुराना दस्तावेज हेर्ने व्यवस्था गराए र शेषराज खतिवडाले ती दस्तावेज मात्र उपलब्ध गराएनन् महासंघको इतिहास पनि बताए । यसका लागि दुवैप्रति कृतज्ञ छु । अन्तर्वार्ताका क्रममा महासंघबारे जानकारी दिने महासंघका पूर्वसभापति किशोर नेपाल, तारानाथ दाहाल, विष्णु निष्ठुरी र महेन्द्र विष्ट, महासंघका पदाधिकारी रामजी दाहाल र पूर्ण बस्नेत तथा कर्मचारी अर्जुन भट्टराईलाई धन्यवाद । यस लेखको पहिलो मस्यौदा मार्टिन चौतारीले कात्तिक २२, २०७६ मा आयोजना गरेको कार्यक्रममा प्रस्तुत गरिएको थियो । त्यस बेला मस्यौदा पढी सुझाव दिने पत्रकार/अध्येता कमलदेव भट्टराई र अरू सहभागीलाई पनि धन्यवाद । दोस्रो मस्यौदाको मूल्यांकन गरी सुझाव दिनुहुने पत्रकार/अध्येता विनोद भट्टराईलाई धन्यवाद । यस लेखको प्रत्येक मस्यौदा पढी आवश्यक सुझाव दिनुहुने मार्टिन चौतारीका प्रत्यूष वन्तलाई धन्यवाद । यो लेख तयार गर्दा निरन्तर सल्लाह सुझाव दिनुहुने र यसको सम्पादन समेत गरी सुबोध र किफायती बनाउन मिहिनेत गर्नुहुने मार्टिन चौतारीका योगेश राजप्रति आभारी छु । यस लेखमा हुनेसक्ने कमी कमजोरीका लागि भने म मात्रै जिम्मेदार छु ।

## सन्दर्भ सामग्री

अन्नपूर्ण पोष्ट । २०६२क । नेपाली पत्रकार त्रस्त र हतोत्साही । वैशाख १७, पृ. १ ।

अन्नपूर्ण पोष्ट । २०६२ख । महासंघको मिसन । माघ १०, पृ. ४ ।

आचार्य, सुरेश । २०५४ । आफ्ना कुरा । *पत्रकारिता : स्मारिका* । सुरेश आचार्य, कृष्ण के.सी. र ज्योति वैद्य, सं., पृष्ठ नखुलेको । काठमाडौँ : नेपाल पत्रकार महासंघ ।

कान्तिपुर । २०६२क । दैलेखका पत्रकार विस्थापित राठौरलाई रोक । असोज ३, पृ . १/३ ।

कान्तिपुर । २०६२ख । रिमोट कन्ट्रोलबाट सञ्चालनको उदाहरण दिन चुनौती । माघ २६, पृ. २ ।

कान्तिपुर । २०६२ग । महासंघलाई सहयोग रोक्का । वैशाख २२, पृ. १ ।

खनाल, रामप्रसाद । २०६२ । महासचिवको प्रतिवेदन । *प्रथम महाधिवेशन स्मारिका* । मोहन ढुंगेल, सं., पृ. ८–९ । काठमाडौँ : राष्ट्रिय पत्रकार महासंघ, नेपाल ।

गाउँले, शिव । २०६२ । *कोषाध्यक्षको प्रतिवेदन* । काठमाडौँ : नेपाल पत्रकार महासंघ ।

गाउँले, शिव, सं. । सन् २००६ । संकटको एक वर्ष । *प्रेस स्वतन्त्रता : संकटका एक वर्ष* । शिव गाउँले, सं., पृ. १–५ । काठमाडौँ : नेपाल पत्रकार महासंघ ।

गाउँले, शिव । सन् २००७ । लोकतन्त्रका एक वर्षमा नेपाली प्रेस नयाँ परिस्थिति, नयाँ चुनौती । *प्रेस स्वतन्त्रता : लोकतन्त्रका एक वर्ष* । बलराम बानियाँ, सं., पृ. १–६ । काठमाडौँ : नेपाल पत्रकार महासंघ ।

गुरुङ, दण्ड । २०६२ । व्यावसायिक पत्रकारहरूको छुट्टै संस्था आवश्यक । *गोरखापत्र*, साउन ३, पृ. ३ ।

घिमिरे, प्रदीप, सं. । सन् २००३ । *प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति : नेपाल प्रतिवेदन, २००३* । काठमाडौँ : मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) ।

घिमिरे, प्रदीप, सं. । सन् २००४ । *प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति : नेपाल प्रतिवेदन, २००४* । काठमाडौँ : सेहुर्डेस ।

घिमिरे, प्रदीप र भगीरथ योगी, सं. । सन् २००५ । *प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति : नेपाल प्रतिवेदन २००५* । काठमाडौँ : सेहुर्डेस ।

घिमिरे, सञ्जय । सन् २००७ । एक्लो थिएनौँ एक्लो छैनौँ । *प्रेस स्वतन्त्रता : लोकतन्त्रको एक वर्ष* । बलराम बानियाँ, सं., पृ. ८१–८८ । काठमाडौँ : नेपाल पत्रकार महासंघ ।

घिमिरे, सञ्जय र रामजी दाहाल, सं. । २०६४ । *बन्दुकको मारमा कलम* । काठमाडौँ : नेपाल पत्रकार महासंघ ।

चौलागाईं, कुमार । २०७३ । भूमिगत भएर प्रेसका लागि लड्दै थिएँ, घरमा फोन गर्दा सैनिक अधिकारीले उठाउँथे : तारानाथ दाहाल । https://lokaantar.com/news/3852/ मा उपलब्ध; असोज ९, २०७६ मा हेरिएको ।

ढुंगेल, विनोद । २०६४ । *शाही शासनमा स्वतन्त्र रेडियो : दमन र प्रतिरोधको कथा* । काठमाडौँ : मार्टिन चौतारी ।

ढुंगेल, विनोद । २०६९ । पत्रकार महासंघको संस्थागत विकासका लागि वैकल्पिक अवधारणा । *मिडिया अध्ययन* ७ : २३३–२५८ ।

थापा, सूर्य । २०७५ । इतिहासको अपव्याख्या गरेर नेपाल पत्रकार महासंघको स्थापना दिवस । www.dainiki.com/45525/ मा उपलब्ध; मंसिर १४, २०७६ मा हेरिएको ।

दाहाल, केशव र दिनेश श्रेष्ठ । २०६७ । *बहसमा गैसस* । विराटनगर : अर्पण ।

दाहाल, तारानाथ । २०६० । हाम्रा अग्रज र हाम्रो इतिहास । *पत्रकारिता,* चैत ७, पृ. ३–८ ।

पत्रकारिता । २०५४ । पहिलो जमर्को । चैत, पृष्ठ नखुलेको ।

पत्रकारिता । २०५७/२०५८ । महासंघको विरोध कार्यक्रम सफल, पत्रकार सेन रिहा । फागुन, चैत-वैशाख, जेठ । पृ. २४–२५ ।

पत्रकारिता । २०५९ । शाही घोषणाबारे नेपाल पत्रकार महासंघको धारणा । भदौ–मंसिर, पृ. ४१ ।

पत्रकारिता । २०६२क । हल्ला मच्चाउने एउटा ऐतिहासिक धारणा । वैशाख, पृ. ४६ ।
पत्रकारिता । २०६२ख । शान्ति र प्रजातन्त्रका लागि पूर्ण प्रेस स्वतन्त्रता । वैशाख, पृ. २ ।
बस्नेत, पूर्ण । सन् २००७ । मिडिया मिसन : संक्रमणकालीन चुनौती । *प्रेस स्वतन्त्रता : लोकतन्त्रको एक वर्ष* । बलराम बानियाँ, सं., पृ. ८९–१०२ । काठमाडौँ : नेपाल पत्रकार महासंघ ।
बस्नेत, पूर्ण । सन् २००८ । मिडिया मिसन र शाखाहरूको भूमिका । *प्रेस स्वतन्त्रता वार्षिक प्रतिवेदन-२००८ : चुनौती र जोखिम थपिँदै* । रामजी दाहाल, सं., पृ. ३५–४१ । काठमाडौँ : नेपाल पत्रकार महासंघ ।
योगी, भगीरथ र प्रदीप घिमिरे, सं. । सन् २००१ । *प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति : नेपाल प्रतिवेदन, २००१* । काठमाडौँ : सेहुर्डेस ।
योगी, भगीरथ र प्रदीप घिमिरे, सं. । सन् २००२ । *प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति : नेपाल प्रतिवेदन, २००२* । काठमाडौँ : सेहुर्डेस ।
लावती, महेन्द्र । २०७० । मधेस आन्दोलन किन चाँडै भयो ? मधेसी र आदिवासी जनजातिको तुलनात्मक अध्ययन । *मधेस अध्ययन* ३ : ४३–७३ ।
विष्ट, महेन्द्र । २०६२ । नेपाली मिडिया आन्दोलनको आवश्यकता र प्राथमिकता । नेपालमा प्रेस स्वतन्त्रताका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय मिसनद्वारा काठमाडौँमा आयोजित राष्ट्रिय सम्मेलनमा प्रस्तुत कार्यपत्र, पुस २२ ।
विष्ट, महेन्द्र, सं. । २०६० । *संकटकालमा नेपाली प्रेस* । काठमाडौँ : नेपाल पत्रकार महासंघ ।
Alvarez, Sonia E. 1998. Latin American Feminisms ‘Go Global’: Trends of the 1990s and Challenges for the New Millennium. In *Cultures of Politics/Politics of Cultures*. Sonia E. Alvarez, Evelina Dagnino and Arturo Escobar, eds., pp. 293–324. Boulder, Colo: Westview Press.
Alvarez, Sonia E. 1999. Advocating Feminism: The Latin American Feminist NGO ‘Boom.’ *International Feminist Journal of Politics* 1(2): 181–209.
Alvarez, Sonia E. 2009. Beyond NGOization? Reflections from Latin America. *Development* 52(2): 175–184.
Basnet, Chudamani. 2010. From Civil Society to Citizen Society: Monarchy, Insurgency, and Uprising in Nepal, 1990–2006. PhD diss., University of Georgia.

Brownlee, Billie Jeanne. 2017. Media Development in Syria: The Janus-Faced Nature of Foreign Aid Assistance. *Third World Quarterly* 38(10): 2276–2294.

CEHURDES (Centre for Human Rights and Democratic Studies). 2000. *Status of Press Freedom and Freedom of Expression in Nepal*. Kathmandu: CEHURDES.

Chapagain, Kiran, ed. 2006. *Nepalese Media Under Royal Regime*. Kathmandu: Federation of Nepalese Journalists (FNJ).

Chapagain, Kiran, ed. 2007. *Press Freedom: One Year of Loktantra*. Kathmandu: FNJ.

Choudry, Aziz and Dip Kapoor. 2013. NGOization: Complicity, Contradictions and Prospects. In *NGOization: Contradictions and Prospects*. Aziz Choudry and Dip Kapoor, eds., pp. 24–44. London: Zed Books.

Danida. 2006. *Danida's Annual Report 2005*. Copenhagen: Danida.

FNJ. 2004. State of Journalists: Media and Press Freedom in Nepal. Unpublished report.

FNJ. 2005. Capacity Development of the Federation of Nepalese Journalists for Protection and Promotion of Media Rights. Project document, Danish International Development Agency Human Rights and Good Governance Advisory Unit (DanidaHUGOU).

Heaton-Shrestha, Celayne and Ramesh Adhikari. 2011. NGOization and De-NGOization of Public Action in Nepal: The Role of Organizational Culture in Civil Society Politicality. *Journal of Civil Society* 7(1): 41–61.

HURDEC (Human Resource Development Centre). 2008. Evaluation Report of "Capacity Development of the Federation of Nepalese Journalists (FNJ) for Protection and Promotion of Media Rights" Project. Unpublished report, DanidaHUGOU, Kathmandu.

IFJ (International Federation of Journalists). 2005. *Coups, Kings and Censorship*. Brussels: IFJ.

IMS (International Media Support). 2005. The Defence of Press Freedom and Freedom of Expression in Nepal. A Report by the International Press Freedom and Freedom of Expression Mission to Nepal. Available at https://rsf.org/sites/default/files/Nepal_Mission_Report__Final_-_19_August_2005_-2.pdf; accessed April 1, 2020.

Jha, Prashant. 2012. A Nepali Perspective on International Involvement in Nepal. In *Nepal in Transition from People's War to Fragile Peace*. Sebastian von Einsiedel, David M. Malone and Suman Pradhan, eds., pp. 333–358. New York: Cambridge University Press.

Kafle, Chiranjibi, ed. 2003. *Nepali Press During State of Emergency*. Kathmandu: FNJ.

Lang, Sabine. 1997. The NGOization of Feminism: Institutionalization and Institution Building within German Women's Movements. In *Transitions, Environments, Translations: Feminisms in International Politics*. Joan Wallach Scott, Cora Kaplan and Debra Keates, eds., pp. 101–120. New York: Routledge.

Lang, Sabine. 2013. *NGOs, Civil Society, and the Public Sphere*. New York: Cambridge University Press.

Lang, Sabine. 2016. Nongovernmental Organizations. In *The International Encyclopedia of Political Communication*. Gianpietro Mazzoleni, ed., pp. 877–882. Oxford: Wiley Blackwell.

Pradhan, Prateek. 2008. International Media Mission: Those Who Inspire. In *Annual Press Report: Challenges Ahead*. Ujjwal Acharya, ed., pp. 49–54. Kathmandu: Federation of Nepali Journalists.

Shah, Saubhagya. 2008. *Civil Society in Uncivil Places: Soft State and Regime Change in Nepal*. Washington, D.C.: East West Center.

Tamang, Seira. 2002. Civilizing Civil Society: Donors and Democratic Space. *Studies in Nepali History and Society* 7(2): 309–353.